CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता मञ्जरी



नारायणदत्त शास्त्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साहित्यकार श्री नवराज कट्टेलमा
सादर समर्पित
लेखकका तर्फबाट हार्दिक
पुर्ण नइराई

गीता मञ्जरी

नारायणदत्त शास्त्री

(२०६०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तकको नाम : गीता मञ्जरी

लेखक : नारायणदत्त शास्त्री

प्रकाशक : आँखा स्वयंसेवी प्रकाशन संघ,
काठमाण्डौं

प्रकाशन मिति : २०६१ असार, गुरु पूर्णिमा

प्रकाशित संख्या : १००० थान

मूल्य : ६० रुपियाँ

आवरण चित्र : सुरेन्द्रराज भट्टराई

मुद्रक : भिजन अफसेट प्रिण्टिंग प्रेस,
बानेश्वर

Geeta Manjari
By Narayan Dutta Shastri

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

श्रीमद्भगवत गीता संसारका सारा धर्मको चुरो पुस्तक हो भन्नुमा केही अत्युक्ति हुँदैन । यस महान् ग्रन्थको आजसम्म जति टीका व्याख्या र अनुवाद भए त्यति कुनै पनि किताबको भएको छैन । तर पनि प्रत्येक व्याख्या अथवा अनुवादमा नयाँ-नयाँ पन अनुभूति हुँदै जान्छ । यसै क्रममा पण्डित श्री नारायणदत्त शास्त्रीज्यूले पनि गीताको अनुवाद नेपाली पद्यमा गीता मञ्जरी लेख्नु भएको छ । यस पुस्तकलाई नेपाली गीताप्रेमी जिज्ञासुहरूमा पुऱ्याउन प्रकाशन गर्ने अवसर हामीलाई दिनु भएकामा हामी आफूलाई गौरवान्वित ठान्छौं र लेखकमा धन्यवाद अर्पण गर्दछौं ।

यस पुस्तकको प्रकाशनको लागि उदारताका साथ सहयोग गर्नुहुने श्री कमलमणि दीक्षित र श्री हेमराज ज्ञवालीज्यूले पनि हामीलाई ठूलो गुन लगाउनु भएको छ । यस पुस्तकले नेपाली घर घरमा ज्ञानको प्रकाश फैलाउन सक्षम हुनेछ भन्ने विश्वास गर्दछु ।

२०६१ असार

रमेश खकुरेल
अध्यक्ष
आँखा स्वयंसेवी प्रकाशन संघ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपोद्घात

सम्पूर्ण उपनिषदहरूको सार, ब्रह्मविद्या, योगशास्त्र परब्रह्म परमात्मास्वरूप साक्षात् नारायण श्रीहरिका पूर्णावतार श्रीकृष्णभगवान्ले आफ्ना परमप्रिय सखा, आफ्नै स्वरूप, (पाण्डवानां धनञ्जयः) नरावतार, अर्जुनलाई पाण्डव र कौरवका अठार अक्षौहिणी सेनाका माझमा धर्मक्षेत्र कुरुक्षेत्रका मैदानमा सर्वश्रेष्ठ धनुर्धर अर्जुनले आफन्तका मोहले युद्ध नगर्ने विचार प्रकट गरेपछि दिएको उपदेश नै श्रीमद्भगवद्गीता हो। यो सामान्य प्रवचन मात्रै होइन, अपितु यो त शास्त्र हो। यसलाई धर्मशास्त्र, कर्मशास्त्र, भक्तिशास्त्र, योगशास्त्र, ज्ञानशास्त्र जे भन्न पनि सकिन्छ। श्रीमद्भगवद्गीता सबै शास्त्रमयी छ। यहाँ इहलौकिक र पारलौकिक दुवै प्रकारका सिद्धान्त र व्यावहारिक दर्शनको प्रतिपादन भएको छ।

संसारका प्रायः सम्पूर्ण साहित्यिक भाषामा श्रीमद्भगवद्गीताको अनुवाद भएको छ। त्यसैले गीताको प्रत्येक श्लोक अत्यन्त मार्मिक र महत्त्वपूर्ण मानिएका छन्। सकाम र निष्काम कर्मयोग, सगुण र निर्गुण उपासना, साकार र निराकार ईश्वरभक्ति, योग, त्याग, सन्यास, ज्ञान र विज्ञानका लक्षणहरू, ज्ञानी र अज्ञानीका व्यवहारहरू, धर्म, र्त्तव्य आदिका सात्त्विक, राजसिक र तामसिक मानिसका खाना, व्यवहार, श्रद्धा, त्याग, दान आदि भगवान्का विभूति र व्यापक्ता, विश्वरूप कर्मको रहस्य, भक्तिको माहनता, ज्ञानको सर्वोच्चता र असाधारण महत्ता, दैवी र आसुरी सम्पत्ति आदि इत्यादि सारा धार्मिक, आध्यात्मिक र दार्शनिक सामग्रीले भरिएको गीतालाई एक प्रकारले कर्मको, भक्तिको, वेदान्तको र ज्ञानको विश्वकोश नै भनिदिए पनि हुन्छ। यहां सबै प्रकारका साधकहरूका लागि साधन र सामग्री, मार्ग र खुराक, विधि र लक्ष्यमा पुग्ने उपायहरू पाइन्छन्। त्यसैकारण पनि यो सर्वशास्त्रमयी बन्न पुगेको छ। सबै ठाउँका, सबै संप्रदायका, सबै प्रकारका, विश्वासका सबै जाति, लिंग, वर्गका र वर्ण, आश्रमका, व्यक्तिका लागि यो त कल्पवृक्षसमान कामधेनु समान छ। त्यसैले यो विश्वकै साझा सम्पत्ति हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वापरयुगका अन्त्यतिर श्रीकृष्णले अर्जुनलाई असाधारण अवस्थामा, असाधारण स्थानमा दिएको यो असाधारण उपदेश, सल्लाह आजको घोर कलिकालमा पनि त्यत्तिकै सान्दर्भिक, सामूहिक र सार्वजनिक वनेको छ। जुनसुकै धर्मले, दर्शनले, सिद्धान्तले, वादले, सम्प्रदायले, मुलुकले, राजनीतिले पनि गीतालाई आधार मान्न सक्छन्, मानेका छन् पनि र लाभान्वित भएका पनि छन्।

वैदिक सनातन धर्मभित्रका द्वैत, विशिष्टाद्वैत, शुद्धाद्वैत, द्वैताद्वैत सवै वादी र सम्प्रदायका आचार्यहरूले गीतामा महत्त्वपूर्ण भाष्य लेखेका छन् र आफ्ना दर्शन र सिद्धान्तलाई प्रतिपादन गर्न गीतालाई प्रमाण मानेका छन्। यसै सन्दर्भमा अद्वैत वेदान्तका मूर्धन्य आचार्य आद्य जगद्गुरु शंकराचार्यको गीता भाष्य अद्वैत-वाद र संप्रदायमा अत्यन्त आधिकारिक, प्रामाणिक र आधारग्रन्थकै रूपमा स्वीकृत छ। शंकराचार्यका प्रस्थानत्रयीकै भाष्य अद्वैत वेदान्तका मूर्धन्य ग्रन्थ मानिन्छन्।

विश्वका प्रायः सवै साहित्यिक भाषामा अनुवाद गरिएको, कतिभाषामा विस्तृत व्याख्या र टिप्पणी गरिएको, कतिले यसैमा अध्ययन-अध्यापन र अनुसन्धान गरी आत्मकल्याण समेत गरिएको, गीता आकारमा सानो भए पनि गुणमा, गहिराइमा, मान्यतामा, प्रामाणिक्तामा, शास्त्रीयतामा अत्यन्त महान् भनी विश्वकै दार्शनिक एवं विद्वान्हरूले स्वीकार गरेका छन्। पूर्वीय वैदिक गुरुकुल एवं सामान्य पठन-पाठन परम्परामा गीताले सामान्य साक्षर तेह्र अर्थात् प्राथमिक तहदेखि स्नातकोत्तर एवं विद्यावारिधिसम्म मात्र होइन, तदरन्तर पनि अध्ययन-अध्यापन र अनुसन्धान हुने सर्वसुलभ, सर्वसरल, सर्वप्रिय, अत्यधिक प्रसिद्ध ग्रन्थका रूपमा असाधारण मान्यता प्राप्त गरेको छ। गीताको एउटा मात्र श्लोकको पनि राम्ररी अध्ययन, अनुसन्धान र अनुशीलन गरेर आफ्नो जीवनमा आत्मसात् गरेका छन् भने त्यस्ता साधकले जीवनलाई धन्य बनाएका छन्।

कर्मकाण्डीहरूका लागि गीता कर्मशास्त्र हो। निष्काम कर्मयोगीका लागि त गीताले अमर सन्देश दिएको छ कर्म गर फलको आशा नगर भनेर। कर्म गर्ने तिम्रो अधिकार छ तर फल प्रारव्धानुसार कहिले अनुकूल पनि हुन सक्छ र कहिले प्रतिकूल पनि। अनुकूल प्राप्तिमा नमात्तिनू, प्रतिकूलमा नआत्तिनू, यही हो गीताको मुख्य दर्शन। त्यस्तै उपासकहरूका लागि गीताले सगुण भक्ति सिकाएको छ, अनि निर्गुण भक्ति। भक्तिवाटै मोक्ष मन्दिरतिर पुग्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिने भएकाले भगवान्का भक्तहरू गीतामा सर्वत्र भक्ति नै भक्ति देख्दछन् र यसलाई भक्तिशास्त्रै हो भन्दछन् । ज्ञानमा निष्ठा राख्ने वेदान्तीहरू ज्ञानविना मुक्तिको अर्को बाटै छैन भन्दछन् । हो पनि वेदको उद्घोष छ । 'ऋते ज्ञानान्नमुक्तिः', (ज्ञान नभई मुक्ति हुँदैन) । ज्ञानका लागि गीताले सर्वत्र मार्ग दर्शन गराएको छ । द्वितीय अध्यायदेखि आरम्भ भएको ज्ञानको, वेदान्त-विचारको, अद्वैत दर्शनको प्रवाह अष्टादश अध्यायसम्म चलिरहेको छ । उपनिषद्को सार, अद्वैत सिद्धान्तको व्याख्या गीतामा पाइन्छ । अर्जुनले अन्त्यमा भन्नुभयो –

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाऽच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥ (गीता १८/७३)

(मेरो मोह र अज्ञान, अविद्या, भ्रमज्ञान) नष्ट भयो । मैले आफ्नो यथार्थ स्वरूपको साक्षात्कार गरें, आत्मबोध भयो । यो सारा हजुर परमात्मा श्रीकृष्णकै प्रसादले, अनुग्रहले कृपाले भएको हो । अब म आफ्नो व्राह्मी स्थितिमा अविचल भएर बसैं । किनभने मेरा सम्पूर्ण शंकाहरू समाप्त भए, म शंका रहित भएको छु र अब म हजुरले जे जे आज्ञा हुन्छ त्यही कुरा गर्न तयार भएको छु अर्थात् युद्ध गर्न पनि पछि हट्दिन ।)

यो हो गीताको फल गीताको परिणाम । अब अर्जुन ज्ञानी बने । ज्ञानी वनाएर लडाइँमा प्रवृत्त गराउनु नै गीताको उद्देश्य स्पष्ट हुन्छ । कर्म नगर्नु सन्यास लिनु गीताको मन्तव्य पनि होइन, गीताले देखाएको गन्तव्य पनि होइन ।

'तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च' (गीता ८/७)

(त्यसकारण जहिले पनि सदासर्वदा जुनसुकै समयमा पनि मलाई सम्झ र युद्ध पनि गर)

वेदान्त दर्शन किंवा गीता दर्शनको मूल मर्म यही हो । मनले परमात्मा सम्झ, हातले कर्म गर, स्वधर्मको अनुष्ठान गर ।

यी नै दर्शन र सिद्धान्त, यी नै मर्यादा र परम्परा, यी नै धर्म र कर्मले अभिप्रेरित भएर गीतालाई वा गीतोक्त भक्ति र ज्ञानलाई आफ्नो जीवनको अभिन्न अंग वनाएर त्यसैमा परायण वनेका श्री नारायणदत्त आचार्य शास्त्रीज्यूले आफ्नो जीवनको उत्तर वयमा, उत्तरार्धकालमा रचना गर्नुभएको गीता मञ्जरी उहाँकी सुपुत्री श्रीमती प्रभा भट्टराईमार्फत मैले पाएं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता आफ्नो पनि मार्गदर्शक ग्रन्थ भएकाले अत्यन्त प्रेम र मनोयोगपूर्वक पढें। राम्रो लाग्यो, निकै राम्रो लाग्यो। विषय राम्रो, उद्देश्य राम्रो, ग्रन्थ राम्रो, साधना राम्रो भएपछि राम्रो लागिहाल्छ नि। वि.सं.२०१४ सालदेखि साहित्य सिर्जनमा लागि ग्रन्थ प्रकाशन गरी आफ्नो साहित्यिक यात्रा शुरू गर्ने शास्त्रीज्यू साहित्य स्रष्टा मात्र नभएर अध्यापक एवं लामो समयसम्म राष्ट्रसेवकका रूपमा विभिन्न तहमा रही विभिन्न मन्त्रालय र विभागमा काम गर्ने निजामती कर्मचारीसमेत हुनुभयो।

शास्त्रीज्यू कवि, लक्षणग्रन्थकार, नाटककार उहाँले आफ्ना कविता र नाटकका माध्यमवाट नेपाली वाङ्मयका फाँटमा झन्डै डेढ दर्जन पुस्तकहरू प्रकाशित गरिसक्नुभएको छ। आदिकवि भानुभक्त आचार्यका वंशज शास्त्रीज्यूमा काव्यात्मक प्रतिभाका अतिरिक्त आध्यात्मिक चेतनासमेत भएकाले श्रीमद्भागवत, महाभारत, रामायणजस्ता ग्रन्थका आधारमा आफ्ना धार्मिक, आध्यात्मिक साधना र चिन्तनलाई कविता-काव्यद्वारा व्यक्त गर्नुभएको छ।

प्रस्तुत **गीता-मञ्जरी** श्रीमद्भगवद्गीताको संक्षेपमा कवितामा गरिएको भावानुवाद हो। भाव आएको छ, कविता सरल र सरस छन्। अझ विस्तृत व्याख्या, विवेचना-विश्लेषण हुनसके झन् राम्रो। भविष्यमा अझै गम्भीर चिन्तनप्रधान, सरल, सरस र सारपूर्ण अनुवाद एवं मौलिक ग्रन्थको पनि आशा गर्न सकिन्छ।

यो त अनुवाद हो, यो अनुभवमा आए खूब राम्रो, आओस्! यही परमात्मा श्रीकृष्णका पाउमा प्रार्थना छ। अन्त्यमा शास्त्रीज्यूकै शव्दमा –

सारा कर्म गरिन्छ जो प्रकृतिले जस्ले कुरा बुझ्दछ
आत्मा हुन्छ अकर्म कारक भनी त्यो प्रष्ट नै देख्दछ।
देख्दा भूत अनेक एक उसले छर्लङ्ग वुझ्ला कुरा
मिल्ला व्रह्म स्वयं निरञ्जन बनी ब्रह्मज्ञ बन्ला पुरा॥

सेवा गर्ने अवसर दिनुभएकोमा साधुवाद!

शिवमस्तु
शिवगोपाल रिसाल,
शिव मन्दिर, शान्तिकुना जाउलाखेल,
ललितपुर - ५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

-: मेरो धारणा :-

लयवद्धरूपमा मैले गीताको भावानुवाद गरें । गीताको भावलाई संक्षेपमा उतार्न खोजेको हूँ । कतिसम्म मैले समेट्न सकें त्यो पाठकवर्गवाट दृष्टिगत हुने कुरा हो । गीताको व्याख्या उपव्याख्या भाष्य उपभाष्य थुप्रै पुस्तकहरू थुप्रै भाषामा निस्केका छन् तैपनि मलाई गीताको विषयमा कलम चलाउन भगवत्प्रेरणा जाग्यो यो प्रेरणा पनि मेरोलागि सौभाग्य हो । गीता महासागरमा भएको अमृतलाई आ-आफ्ना भावानुकूल रसास्वादन गर्ने प्रक्रिया मात्र हो । मैले गीता धेरै पटक अध्ययन गरें । मनन कस्तो गरें त्यो आध्यात्मिक कुरा भयो ।

"व्रह्म सत्यं जगन्मिथ्या" ईश्वर सत्य हो, संसार झुटो हो भन्ने तथ्यलाई सवैले जानेर वुझेर पनि व्यवहारमा उतार्न कठिन भएको छ । भगवान् कृष्णले अर्जुनलाई यथार्थ ज्ञान वोध गराउन गीताको प्रतिपादन गर्नुभएको हो । भगवान् कृष्णलाई सारथी वनाएर लगेका अर्जुन दुईथरी सेनाको वीचमा पुगेर वंशहत्या, गुरुहत्या, स्वजनहत्या जस्तो जघन्य अपराधमा होमिएको चाल पाउँछन् । भयभीत वनेर हातवाट शस्त्र खस्छ । भगवान् कृष्णले, कर्तव्य वोध गराउनु हुन्छ । "तिमी क्षत्रीय भएर आफ्नो कर्तव्यवाट कत्तिपनि नहट, तिमी लड्नैपर्छ । वाँचे राज्य मरे स्वर्ग तिम्रा दुवै हातमा लड्डू हुन्छन् । आफ्नो हातमा आएको अमृत नगुमाऊ" भनेर कृष्णले प्रेरणा दिनुहुन्छ अनि भगवान्सित अर्जुन प्रश्न गर्छन् वाँचे राज्य मरे स्वर्ग त भयो तर स्वर्ग पुगेपछि के हुन्छ प्रभो ?

"क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति" पुण्य सकिएपछि फेरि मर्त्यलोकमा झर्छन् । भगवान् भन्नुहुन्छ अनि फेरि अर्जुन प्रतिप्रश्न गर्छन् यसरी स्वर्ग र मर्त्यलोकमा जाने आउने जाने आउने वारम्वार किन हुन्छ ? यो जन्जालवाट छुटेर मर्त्यलोकमा झर्नै नपर्ने मुक्तिको उपाय पनि होला नि प्रभो ? यस्तै यस्ता प्रश्न सुनेपछि कर्म र ज्ञान सवै व्याख्या गर्दै जानुहुन्छ । आखिरमा भगवान् भन्नुहुन्छ "सर्व धर्मान्परित्यज्य मामेकं शरणंव्रज" "वावू अर्जुन तिमी कहिल्यै नमर्ने र नजन्मने मुक्तिका लागि मेरै शरणमा आऊ" । भगवान्को शरणागत भएपछि ज्योति स्वरूप भगवान्मा मिल्छ । ज्योति स्वरूप परमपदमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुगेपछि फेरि अँध्यारोमा फर्कन पर्दैन :- भगवान्‌वाट आज्ञा हुन्छ । आज्ञाकारी अर्जुन हातले शस्त्र समाउँछन् । मनले भगवान्‌मा शरणागत हुन्छन् अनि कुरूक्षेत्रको महाभारतको युद्ध शुरू हुन्छ । गीतामा मैले अर्जुनको शरणागत भक्ति भावनाको नै प्रधानता पाँए ।

गीता दर्शनशास्त्र भएको हुँदा अझै यथार्थ वोध गराउन मेरो अनुरोधलाई स्वीकार गरी गीता यथार्थलाई प्रष्ट्याइदिनु भएकोमा अद्वैतदर्शनका अनुयायी तथा काव्यकलाका धनी प्राध्यापक श्री शिवगोपाल रिसालज्यूका प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै यस पुस्तक र यसका लेखकप्रति विशेष स्नेह गरी यसको प्रकाशनको अभिभारा लिइदिने आँखा स्वयंसेवी प्रकाशन संघ एवं अध्यक्ष साहित्यकार श्री रमेश खकुरेलप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस पुस्तकलाई सुन्दर एवं कलात्मक आवरण प्रदान गरिदिनु हुने कलाकार एवं प्राध्यापक श्री सुरेन्द्रराज भट्टराईप्रति म कृतज्ञ छु तथा प्रकाशनको लागि वढी चासो राखी दौडधूप गर्ने छोरी प्रभा भट्टराईलाई समेत धन्यबाद दिनु उचित ठान्छु । त्यस्तै पुस्तकको कम्प्युटर सेटिङ्गमा सहयोग गर्नुहुने श्री नवराज कट्टेलप्रति पनि म आभारी छु । यस पुस्तक प्रकाशनमा प्रत्यक्ष-परोक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्णका प्रति आभार प्रकट गर्दै विद्वान् पाठकजन समक्ष यो पुस्तक समर्पण गर्दछु ।

लेखक
नारायणदत्त शास्त्री
चुँदीरम्घा, तनहूँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पहिलो अध्याय

गर्छन् श्रीधृतराष्ट्र संजय कुरा जो हो कुरुक्षेत्रको
लड्छन् पाण्डवसाथ कौरव सवै संग्राम विद्रोहको
वार्ता युध्द विशेष हुन्छ दुइको सम्वाद राम्रो यहाँ
अन्धा छन् धृतराष्ट्र प्रशन गहिरा सोध्छन् भयो के कहाँ ? ॥१॥

दिन्छन् संजय दिव्यदृष्टि रणमा भन्छन् भएका कुरा
सुन्छन् दृष्टि विहीनका नृप कठै ! जो भन्दछन् सो पुरा
गर्छन् ती धृतराष्ट्रमा सब कुरा जस्तो छ त्यस्तै अव
भन्छन् कत्ति नढाँटि संजय सुनौं व्याख्यान गर्छन् सब ॥२॥

देखिन्छन् रणक्षेत्रमा बुझ्नुहोस् त्यो पाण्डवी पक्षमा
सौभद्रादि र भीम, अर्जुन सवै देखिन्छ संसाथमा
हाम्रो तर्फ छ फौज विस्तृत निकै देख्छु बडो जोशका
श्रीदुर्योधन भीष्म, कर्ण पनि छन् संसाथमा द्रोणका ॥३॥

देखिन्छन् रणक्षेत्रमा दुइथरी योध्दा यथास्थानमा
झुक्छन् भीष्म र द्रोण पूज्य गुरुमा श्रध्देय सन्मानमा
हाम्रो फौज अनन्तको छ बुझनोस् श्रीभीष्मको आडमा
सानो पुष्ट र वज्रतुल्य खँदिलो लाग्यो उता भीममा ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो संघर्ष थलो अतीव कुभलो देखिन्छ हेर्दा पर
यस्तो दृश्य अगाडि देख्दछु हरे ! लाग्यो मलाई डर
गर्ज्यो ढोल र शंख, ताल, नगरा श्रीभीष्मको जोशको
धन्क्यो त्यो रणक्षेत्र वाद्यधुनको संग्राम संघर्षको ॥५॥

पुग्छन् अर्जुन कृष्ण सारथि लिदै बाजा बज्यो त्यै अब
यस्तो भीषण क्रान्तिको खबर यो खैंचेर भन्छु सब
आ-आफ्ना रणक्षेत्रमा शुरु हुने बाजा बज्यो वीरको
रुन्छन् दिक्क भएर अर्जुन कठै ! आँसू झरे पीरको ॥६॥

लागे अर्जुन कृष्णसाथ पहिले संग्राम योध्दा सरी
पुग्छन् त्यो रणक्षेत्रमा तर कठै ! रुन्छन् बिलौना गरी
देख्छन् भीष्मपिता र द्रोण गुरुजी त्यस्तै अनेकौं सब
आफन्ता सब इष्टमित्र जति छन् मार्ने कसोरी अव ॥७॥

फर्कन्छन् अव कृष्णतर्फ निहुरी खोल्छन् सबै वेदना
वोल्दा अंग जिरिङ्ग हुन्छ डरले निस्कन्छ दुश्चेतना
हेर्दा काम्छ शरीर मृत्यु-भयले छाला निकै जल्दछ
गल्छन् हात दुवै समात्न न सकी भैंमा धनू ढल्दछ ॥८॥

विन्ती यो गरि झुक्दछन् विरहले श्रीकृष्णमा अर्जुन
भन्छन् द्रोण तथा पितामह धरी मारौं कसोरी कुन ?
मामा, भानिज, भाइवन्धु सब ती देख्छु अगाडी जब
मेरा अंग गले, जल्यो मन यता लड्नू कसोरी अव ! ॥९॥

भो चाहिन्न मलाइ राज्य सव यो, चाहिन्न त्यो सम्पति
सारा भस्म खरानि वन्धुहरुको पार्ने हरे के खती !
त्यो दुर्योधन नै वसोस् महलमा, राजा वनोस् राज्यको
लागूँ जंगलमा, छ मंगल सधैं आनन्द सौभाग्यको ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारालाइ भुसुक्क पारि रणमा बन्धुत्वको आहुति
होम्नू लौ कसरी विना हृदयले पाइन्छ कस्को स्तुति !
आमा यी धरती रुनिन् विरहले छाती बजारीकन
खोला बग्दछ लौ यहाँ रगतको सोत्रांग पार्दा जन ॥११॥

हाम्रै वंश विनाश कौरव मरे, पूर्खा रुनन् स्वर्गमा
रोलान् ती विधवा अनाथ सब ती आघात भो धर्ममा
जालान् भ्रष्ट बनेर मस्त युवती वैधव्य छाडीकन
होला त्यो पछि वर्णसंकर यहाँ बिग्रन्छ मेरो मन ॥१२॥

यो पृथ्वीभर राज्य नै सब मिलोस् चाहिन्न त्यस्तो वर
त्यो दुर्योधन आइ मार्दछ भने मारोस् म गर्छु तर
वंशोच्छेदनमा अनर्थ घटिया देखिन्छ संघर्ष यो
हत्या यो नगरौं प्रभो ! यदुपते ! निस्कन्छ निष्कर्ष यो ॥१३॥

पितृ-द्रोह र बन्धु द्रोह, गुरुको हत्या अनेकौं गरी
बाचौं लौ कसरी, लडौं अघिसरी मर्जीहवस् लौ हरि !
बिन्ती यो अति गर्दछन् अझ भनौं त्यो सैन्यको बीचमा
फाल्छन् शस्त्र र अस्त्र अर्जुन सबै श्रीकृष्ण सामीप्यमा ॥१४॥

जो देख्छन् रणक्षेत्रमा नजरले संपूर्ण उस्तै गरी
भन्छन् संजय जो छ दृश्य घटना दुर्बीन देखे सरी
गर्छन् ती धृतराष्ट्र पीडित बनी दुष्कर्मको चिन्तन
यो संपूर्ण विषाद योग जति छन् सुन्छन् डराईकन ॥१५॥

धृतराष्ट्र बनेर चिन्तित जति सोध्छन् उति सार गर्भित
अति नम्र बनेर संजय सब भन्छन् उनलाई निर्भय ॥१६

✷

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोश्रो अध्याय

भन्छन् ती धृतराष्ट्रमा अरु कुरा प्यारा उनै संजय
के आज्ञा भगवानबाट गरियो, के हुन्छ त्यस्को तय
खोल्छन् अर्जुन कृष्णका जति कुरा सम्वादमा भेटियो
त्यै भन्छन् धृतराष्ट्रलाई अहिले जस्तो त्यहाँ देखियो ॥ १॥

आज्ञा भो भगवानबाट अहिले के हो ? कुरा अर्जुन ?
तिम्रो सारथि मैं थिएँ अझ मछू कम्ती छ तिम्रो कुन ?
झर्छन् आँसु कसोरि यी नयनमा आएर घुँक्का परी
रुन्छौ वाल स्वभावबाट किन हो बुझ्दैनबुझ्ने गरी ! ॥२॥

अज्ञानी पटमूर्खझैं नवन है संग्राम गर्ने थलो
त्यो साँच्चै विषमस्थलो बुझ तिमी रोएर गुम्ला भलो
तिम्रो आशय छैन ठिक अहिले वीरत्व गुम्ने गरी
आफ्नो श्रेय र स्वर्ग गुम्न नदिई आऊ अगाडी सरी ॥३॥

यस्तो कायरता, नपुंसकपना तिम्रो यहाँ लायक
देखिन्नन् बुझ वीर अर्जुन तिमी आफ्नो समाऊ हक
यो युध्दस्थल हो खचाखच सबै लड्नै तयारी भए
तिम्रो इज्जत, स्वर्ग गुम्छ बुझ है भागेर अन्तै गए ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आऊ शस्त्र समाउ वीर गतिले तिम्रो भलो गर्दछ
लड्ला वीर पराक्रमी बुझ तिमी संग्राममा मर्दछ
सारा यो रणक्षेत्र झुक्छ अहिले तिम्रो छ यो वीरता
जान्छौ शस्त्र बुझाइ हाय ! कसरी ! आऊ अगाडी यता ॥५॥

सुन्छन् अर्जुन कृष्णका सब कुरा संझेर भन्छन् अब
भीष्म, द्रोण समस्त पूज्य जन ती देख्छु अगाडी सब
बाँचून् पूज्य तथा महाजन सबै यै भन्छ मेरो मन
भिक्षा-जीवन योग्य ठान्दछु म ता कन्थालगाईकन ॥६॥

खोलो मात्र बगाइ त्यो रगतको पौडी यता खेल्नु छ
त्यस्ता पूज्य महात्म-वादि-जनको हत्या उता गर्नुछ
भो चाहिन्न मलाइ राज्य सुख यो हत्या अनेकौं गरी
लड्ने शक्ति कदापि छैन भगवन् ? फर्कौं पछाडी सरी ॥७॥

हामी मार्न तयार छौ किन हरे ! बन्धुत्वको नाशले
हाम्रो वा उसको दुवै खति भयो के भन्छ त्यो शास्त्रले ?
सारा वन्धु विनाश पारि रणमा के श्रेय देख्नूभयो ?
आज्ञा होस् भगवन् ! कृपा गरि ममा उत्साह मेरो गयो ॥८॥

यस्ता लाछि कुरा सुनेर भगवान् हाँसेर भन्नुभयो
सोच्नै हुन्न अनर्थ बात अहिले वीरत्व तिम्रो गयो
छाँट्छौ वुध्दि विवेकका बढि कुरा ज्ञाता बनी धर्मको
मर्नू-बाँच्नु दुवै समान बुझ यो प्रारब्ध हो कर्मको ॥९॥

राजा यी जति छन् थिए अघि यिनै हुन्छन् पछाडी पनि
त्यस्तै संझ तिमीं थियौ, म पनि ता हामी थियौं त्यै भनी
देही देह अनेक लिन्छ भवमा यो जन्म-जन्मान्तर
देही काँचुलि फेर्छ सर्पसरि यो जानिन्न कस्तै तर ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो हो इन्द्रियको समागम थलो जो देहधारी छ यो
शीतोष्णादि समस्त दु:ख सुखमा थानेर नै बस्छ यो
त्यस्तै शैशव, वृद्ध, यौवनपना निस्कन्छ संसारमा
त्यो देहान्तर लिन्छ धीर कहिले आत्तिन्न त्यो ध्येयमा ॥११॥

त्यो अस्थायि कुरा असत् हुनगयो अस्थायी नै हुन्छ त्यो
जो हो सत्य स्वभाव 'सत्' बनिगयो नासिन्न है सत्य त्यो
यस्मा सत्य-असत्य भाव दुइको निस्कन्छ निष्कर्ष यो
स्थायी तत्त्व छ सत्य, मर्छ कसरी ? मर्दैन मारेर यो ॥१२॥

जीवात्मा जब छोड्छ देह घर यो त्यो देह मात्रै गयो
आत्मा मर्छ न ता, न मार्छ अरुले बुझ्ने कुरा यो भयो
आत्मा जन्म र मृत्युबाट अलगै अस्तित्वमा बस्छ यो
मार्ने मर्नि कुरा न जोड यसमा नासेर नासिन्न यो ॥१३॥

फेरिन्छन् सब जीर्ण शीर्ण कपडा नौला नयाँ भिर्दछन्
त्यस्तै जीव विजीर्ण देह नालिई अर्कै नयाँ खोज्दछन्
आत्मा काट्दछ शस्त्रले न त उता आगो न ता पोल्दछ
पानीबाट न गल्छ संझ अझ त्यो हावा न ता सोस्दछ ॥१४॥

आत्मा छेद्य र दाह्य, क्लेद्य न छ यो पर्दैन यो शोष्यमा
आत्मा नित्य, अनन्त संझ मनमा स्थायी सबै कालमा
यो अव्यक्त अचिन्त्य बात गहिरो चैतन्य बोकीकन
नि:संकोच बनेर आउनुपर्‍यो, प्यारा तिमी अर्जुन ! ॥१५॥

मान्छौ जन्म र मृत्यु लौ यदि भने जन्मन्छ, त्यो मर्छ नै
जो जन्मन्छ उ मर्छ निश्चय कुरा सोचेर यो हुन्न नै
जो भीष्मादि अगाडि छन् बुझ तिमी माया भए खेलका
लिन्छन् जन्म विदेहबाट सबले जान्छन् बिना देहका ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा तत्त्व अतीव हुन्छ गहिरो हेर्छन् र भन्छन् तर
बुझ्दैनन् कति जे भने पनि अझै जस्तै लगाउन् कर
देही मर्छ भनेर मूढ न बनी चिन्ता हटाईकन
आऊ लड्न अगाडि वीर गतिले निर्भीक योद्धा बन ॥१७॥

आफ्नो धर्म र श्रेय कत्ति नभुली क्षेत्रीय वीरत्वमा
लाग्नै पर्दछ धर्म-युध्द नगरे जाँदैन त्यो स्वर्गमा
रक्षा मानव निम्ति गर्छ उसले निः स्वार्थको युद्ध त्यो
योद्धा अर्जुन ! काम्नुहुन्न डरले लाछीपना हुन्छ त्यो ॥१८॥

तिम्रो यो अपकीर्ति हुन्छ नलडे व्यक्तित्व सारा गयो
झुक्दैनन् बुझ माननीयहरूले झुक्दा मरेझैं भयो
भन्छन् लौ रण-को लुते र भगुवा नामर्द सारा जब
तिम्रो इज्जत जान्छ वीर ! अहिले संझेर लेऊ अब ॥१९॥

मर्छौ युद्ध गरेर स्वर्ग पुगियो, बाँच्यौ भने राज्य यो
लड्डू छन् दुइ हातमा बुझ तिमी लड्दा यहाँ के भयो ?
पापै छैन लडेर धर्म सब छन् शस्त्रादि ली हातमा
बाबू ! अर्जुन ! लड्नुपर्छ खुसिले मेरासँगै साथमा ॥२०॥

सारा सांख्य विशुद्ध योग जति छन् मैंले बताएँ अब
भन्छू योग अझै भलो बुझि यहाँ व्याख्या अनेकौं सब
थोरै होस् तर धर्म हुन्छ बहुतै एकाग्रतामा गए
यो नै मुख्य पवित्र बुद्धि अरु ता ती वासनाका भए ॥२१॥

भन्छू यो अब कर्मयोग अहिले निष्कामना साथको
तिम्रो बन्धन मुक्त हुन्छ अहिले मानिन्छ प्रारम्भको
थोरैले भयमुक्त हुन्छ सजिलै देखिन्छ निर्दोषको
छुट्छन् ती जति कर्म-बन्धन सबै तात्पर्य हो योगको ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्छन् कर्मठ पण्डितादिहरुले गर्छन् सकामी कुरा
कर्मैबाट अवश्य मिल्छ फल त्यो स्वर्गादि जो छन् पुरा
ऐश्वर्यादि र भोग्यव्यग्र जति छन् हुन् भोगका लम्पट
ती हुन् अज्ञ, विवेक-हीन बुझ है, हुन् कर्मवादी हट ॥२३॥

निस्त्रैगुण्य भएर वस्नु दिनहूँ त्रैगुण्य छन् वेदमा
निर्द्वन्द्वी अनि बन्नु सात्विक तिमी निष्कामना साथमा
जोछन् यी सुख-दुःखका पनि कुरा छोडेर वस्नू पर
साँच्चै आत्मपरायणी बन तिमी संकल्प यस्तो गर ॥२४॥

पानीले भरिपूर्ण होस् धरणिमा खोज्छन् कुवा संझ यो
त्यस्तै वेद यहाँ प्रयोजन भयो ब्रह्मज्ञ उच्चा भयो
ब्रह्मानन्द मिले रहेन उसको तात्पर्य यस्मा गयो
निस्त्रैगुण्य भयो अनन्त महिमा त्योदेखि माथि भयो ॥२५॥

कर्मैमा अधिकार हन्छ, [illegible]ुझ है त्याग्नू फलेच्छा तर
निष्कामी बन वास [illegible]तिर [illegible], त्यो कर्म गर्दै गर
सिद्धासिद्ध समान [illegible] दइ [illegible], एकत्व नै योग हो
फेरी संझ सकामि बु[illegible] [illegible]टिया त्यो योगमा तुच्छ हो ॥२६॥

होला फेरि समत्व वुध्दि जसको निष्पाय निष्पुण्यको
त्यागी वन्दछ पाप, पुण्य दुइको कर्मत्वका ज्ञानको
छुट्ला जन्म र मृत्युको भय सबै त्यो कर्मको बन्धन
पुग्ला त्यो अमरत्वको पदविमा हे भक्त ! हे सज्जन ! ॥२७॥

तिम्रो वुद्धि, विवेक, मोह रतिको तर्ला महासागर
पुग्छौ योग्य कुरा सुनेपछि तिमी संसारभन्दा पर
त्यो वैराग्य समाधिबाट सजिलै कैवल्यमा पुग्दछौ
तिम्रो वुद्धि समत्वमा अब गयो के भन्दछौ, गर्दछौ ? ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोध्छन् अर्जुन फेरि पूज्य भगवान् श्री कृष्णका साथमा
कस्तो हुन्छ समत्व भाव उसको भाषा तथा चालमा
बोल्ला त्यो कसरी ? उ बस्छ कसरी ? चल्ला कसोरी अब ?
आज्ञा होस् भगवान् मलाइ अहिले व्याख्या बताई सब ॥२९॥

यस्ता प्रश्न सुनेर कृष्ण भगवान् संतुष्ट भै भन्नुभो
त्यस्तो त्यो सम बुद्धिका विषयमा व्याख्या अझै गर्नुभो
आत्माबाट छ आत्मतुष्टि उसको भाग्छन् सबै कामना
छोड्ला दुःख र दर्द हुन्न सुखमा आमोदको साधना ॥३०॥

जस्तै अंग समेट्छ संझ कछुवा त्यस्तै समाधिष्ठले
सारा इन्द्रिय खिच्छ भित्र सजिलै निर्विघ्न सानन्दले
योगी निर्विषयी हुनन् तर कतै लाग्लान् कुनै रागमा
त्याग्ला धीर समस्त राग सजिलै पौंचन्छ त्यो ब्रह्ममा ॥३१॥

धेरै यत्न गरोस् तथापि मन यो खैंचन्छ आफैंतिर
ज्यादै मुस्किल पर्छ इन्द्रिय कडा खिच्छन् समाधिस्थिर
जस्ले इन्द्रिय खैंचिराख्छ उहि नै साँच्चै ममा मिल्दछ
त्यो बुद्धि स्थिर हो परायण म^मा तादात्म्यता पाउँछ ॥३२॥

होला लौ विषयादि त्यै विषयमा साथै सँगै बढ्दछ
बढ्ला त्यो अनि कामनासँग-सँगै त्यो क्रोधमा चढ्दछ
त्यस्ले मोह बढाउला स्मृतिधरी नाशिन्छ यस्ले पुरा
बुद्धि भ्रष्ट भयो भएपछि सबै नासिन्छ सारा कुरा ॥३३॥

राग द्वेष वियुक्त इन्द्रिय सबै स्वाधीन राखीकन
भोग्छन् भोग प्रसन्नता लिइ सधैं ब्रह्मत्व ज्ञानी जन
होला निर्मलता सदा हृदयमा निष्क्लेशकारी बनी
बास्ला त्यो स्थिर बुद्धिको बुझ तिमी ब्रह्मात्म ज्ञानी भनी ॥३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैनन् साधन हीनमा मन सफा सद्बुद्धिको श्रेष्ठता
हुन्नन् आस्तिक भाव शान्ति मनको मिल्दैन याथार्थता
यो अन्तस्करणै विशुध्द न हुंदा त्यो धैर्यता गुम्दछ
पक्का शान्ति हुदैन हुन्न सुखमा संसारमा भुल्दछ ॥३५॥

डुङ्गा हल्चल हुन्छ वायु गतिले पानी छछल्कीकन
सारा इन्द्रिय डग्मगाउँछ यहाँ बोकेर पापी मन
माझी खिच्छ डुँगा यसै गरि यहाँ रागात्मका वासना
खिच्ला ज्ञानि समस्त इन्द्रिय सबै छाडेर दुर्भावना ॥३६॥

सारा जीव निदाउँछन् बुझ तिमी निष्पट्टले रातमा
ज्ञानी जाग्दछ ब्रह्मज्ञान हुनगै चैतन्यका साथमा
प्राणी मस्त सुतेर ब्युँझन गयो सारा कुरा देख्दछ
ज्ञानी रात सरी गरी नजरले स्वप्ना सरी बुझ्दछ ॥३७॥

जस्तै निश्चलता प्रतिष्ठित बनी जान्छन् नदी सागर
त्यस्तै नै स्थिर बुद्धि राग नलिई पुग्छन् समाधि स्थिर
त्यो शान्तिस्थलमा अशान्ति न हुंदा बन्ला स्वयं निश्चल
यो ब्राह्मी स्थिति हो सदाशय हुने निर्मोहकारी स्थल ॥३८॥

जब मृत्यु अगाडि आउँछ, जसले जो, जति, जे रुचाउँछ
उहि पाउँछ जो समाउँछ, उहि बोकेर परत्र धाउँछ ॥३९॥

सब अर्जुनले सुने कुरा मनले शान्त बने, भए पुरा
सब ज्ञान छ सांख्ययोगको, अब सोध्छन् अनि कर्मयोगको ॥४०॥

✵

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय अध्याय

सोध्छन् अर्जुन कृष्णमा अरु कुरा शंका समाधानको
कर्म, ज्ञान दुवै भए तर यहाँ व्याख्या भयो कर्मको
आज्ञा हुन्छ मलाइ कर्म गर है संघर्षका क्षेत्रमा
बुझ्दा त्यो समवुद्धि नै बढि भयो के हुन्छ कल्याणमा ॥१॥

आज्ञाभो अब कृष्णले बुझि कुरा शंका समाधनमा
बाटा छन् दुइ नै समुन्नति हुने कल्याण यो लोकमा
ज्ञानीको बुझ सांख्ययोग छ उता हो कर्म योगी यहाँ
प्रारम्भै नगरेर कर्म कसरी ? निष्कर्म होला कहाँ ? ॥२॥

कर्मै त्याग गरेर हुन्न बुझ है निष्कर्मता पाउँन
त्यो बस्दैन अवश्य कर्म नगरी चाहिन्छ त्यो आउन
कामै छोडि यहाँ कुनै पनि कुरा सम्पन्न त्यो हुन्न है
सारा यो जगतै छ कर्मवसमा प्रारम्भमा संझ है ॥३॥

यी कर्मेन्द्रिय बाँधि इन्द्रिय सबै संझेर जो बस्तछ
मिथ्याचार भयो भनौ कसरि त्यो ब्रह्मत्वमा पुग्दछ ?
त्यो कर्मेन्द्रिय खैंचिलिन्छ मनले सत्कर्मको कर्ममा
लाग्दा मानव बन्छ श्रेष्ठ बुझ है त्यो कर्मको योगमा ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाधाबन्धनको लिएर डरले जो कर्म त्यो गर्दछ
त्यो आसक्त भयार्त कर्म पनि हो त्यो नीचमा पर्दछ
जो आसक्त नभै परायण बनी सत्कर्ममा लाग्दछ
त्यो हो साधक योग्य ब्रह्म-गतिको त्यो श्रेष्ठ नै बन्दछ ॥५॥

ब्रह्माले सहयज्ञ सृष्टि गरियो सत्कामना साथमा
त्यस्मा यज्ञ र कर्म, ज्ञान पनि छन् त्यै भन्छ त्यो शास्त्रमा
जस्ले भोग्छ समस्त भोग्य तर त्यो अर्पन्न देवत्वमा
त्यो हो चोरसमेत वञ्चकधरी पापात्म देवांशमा ॥६॥

सारा यज्ञ समाप्त पारि जसले जो यज्ञको शेष छ
खाला देह बचाउला बुझ तिमी त्यो व्यक्ति नै श्रेष्ठ छ
जस्ले खास शरीर पोस्छ दिनहूँ खाना पकाईकन
खाला त्यो सब पाप रूप उसले हो नीच-गामी जन ॥७॥

जन्मन्छन् सब जीव अन्नहरूले उब्जन्छ त्यो वृष्टिले
वृष्टि त्यो पनि हुन्छ यज्ञ सबले चल्छन् सबै कर्मले
हुन्छन् कर्म सदैव त्यो प्रकृतिले त्यो ता स्वयं ईश्वर
ब्रह्मोत्पत्ति भनेर कर्म गनियो छन् कर्ममा आदर ॥८॥

यो ब्रह्मोद्भव वेदकर्म पनि हो, सर्वत्र यो व्याप्त छ
यो नाशिन्न अवश्य वेद कहिलै तत्कर्ममा यज्ञ छ
त्यस्तै घुम्दछ सृष्टि चक्र सरि नै यो देह जो भर्दछ
खानू यज्ञविना छ पाप अति नै त्यो पापले मर्दछ ॥९॥

जो आत्माश्रय हुन्छ प्रेम उसको आत्मासितै बस्तछ
जो सन्तुष्ट छ आत्मज्ञानि दिलको त्यै श्रेष्ठ, त्यै धन्य छ
गर्ला कर्म सधैं प्रयोजन विना निःस्वार्थले बस्तछ
त्यस्को लोक हितार्थ कर्म सब होस् कर्तव्यमा पूर्ण छ ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो कर्म गरोस् निरन्तर बनी कर्तव्य ठानीकन
त्यो आसक्त नहोस् कुनै विषयमा बाँधेर राखोस् मन
त्यस्ले पाउँछ सिध्दिसाथ भगवान् लाग्ला अगाडी जब
यज्ञार्थी जनकादिको विषयमा हेरेर ऐना सब ॥ ११॥

जो छन् श्रेष्ठ मनुष्य आचरणमा लाग्लान् उतै भक्तिले
योग्य स्थान लिएर बस्नुदिनहुँ त्यो त्यागको शक्तिले
त्यो कर्तव्य नहोस् कुनै भुवनमा छैनन् कुनै प्राप्यता
लाग्छू मैं पनि कर्ममा वुझ तिमी संझेर कर्मण्यता ॥१२॥

मैले कर्म गरीन लौ यदि भने गर्दैन यो लोकले
कर्मै नाश भएर जान्छ बुझ है, के भन्छ त्यो वेदले
सारा भ्रष्ट हुनेछ मैसरि यहाँ बन्नेछु बेकामको
बन्नेछन् सब वर्णसंकर अझै बन्नेछ दुर्नामको ॥१३॥

निन्दा गर्नुहुँदैन ज्ञानिहरूले आसक्तिका कर्मको
अज्ञानी पनि ज्ञानि बन्दछ भनौं झल्का भए ज्ञानको
गर्छन् कर्म यहाँ सबै प्रकृतिले मैले गरें ठान्दछ
यो सारा भ्रममात्र हो वुझिलिंदा त्यस्मा अहंकार छ ॥१४॥

यस्मा छन् गुण, कर्म तत्त्व दुइ नै त्यो तत्त्ववेत्ता बनी
त्यो आसक्तिविना रहन्छ गुणमा निष्काम यो हो भनी
जो हो मोहित व्यक्ति मान्छ दुइ नै त्यस्तै भए तापनि
यो हो मूढ नभन्नु ज्ञान दिनु है तत्त्वज्ञ-वेत्ता बनी ॥ १५॥

मैंमा ध्यान र नित्यकर्म जति छन् सुम्पेर मैंमा सब
आशा, मोह तथा समस्त ममता छोडेर आऊ अब
लड्नैपर्छ स्वधर्म संझि रणमा मेरो लिंदै आश्रय
श्रद्धायुक्त बनेर अर्जुन तिमी सारा हटाऊ भय ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्दैनन् यदि दोषि-मूर्खहरुले मेरो सदिच्छा मत
ती हुन् मोहित, भ्रष्ट संझ मनमा ती हुन् अकर्माङ्गत
छाडी राग र द्वेष आदि ममता एकत्व पारी मन
मेरो आश्रयबाट छुट्छ बुझ है त्यो कर्मको बन्धन ॥१७॥

नासिन्छन् सब मूढ मूर्ख जति छन् छाडा गरी इन्द्रिय
बाँधिन्छन् समबुद्धि भाव रहँदा बन्छन् उनै निष्क्रिय
राम्रो होस् तर छाड्नु धर्म अरुको आफ्नै रहून् धर्ममा
छाडून् त्यो परधर्म घातक हुँदा सद्धर्म होस् चित्तमा ॥१८॥

सोध्छन् अर्जुनले त्यसै समयमा कस्का बलात्कारले
गर्छन् मानिस पाप बाध्य हुनगै दुष्कर्म दुष्कारले
इच्छा नै नगरी पछार्छ कसले आज्ञा हवस् बात यो
जान्ने इच्छुक भन्नु अर्जुन यहाँ गर्छन् नयाँ प्रश्न यो ॥१९॥

आज्ञा श्रीभगवानबाट हुनगो छर्लङ्ग पारीकन
काम, क्रोध तथा रोजगुण सबै हुन् मोहका साधन
यो संहारक पाप बुद्धिहरुले आएर पल्टाउँछन्
ज्ञान-ज्योति प्रकाश ढाल्न मनमा दुर्भावना ल्याउँछन् ॥२०॥

ऐनामा धमिलोपना मयलले आगो लुक्यो धूमले
गर्भैको शिशु साल-नालहरुले ढाक्छन् त्यसै चालले
ज्ञाना-ज्ञान र धूम अग्नि अथवा ऐना र बच्चा धरी
आफैंले तुलना गरे अब भयो प्रष्टिन्छ राम्रै गरी ॥२१॥

सारा यो मन बुद्धि इन्द्रिय सबै हुन् वासनाका घर
यस्मा रोक्न प्रयास गर्छ बलले होला यसैको डर
ज्ञानीले मन इन्द्रियादि जति छन् रोकेर कब्जा गरी
सारा पाप भगाउलान् सहजमा ती पाप योद्धा सरी ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टाढा इन्द्रिय छन् अझै पर भनौं चाञ्चल्यकारी मन
त्योभन्दा पर बुद्धि हुन्छ बुझ है मानिन्छ सीमाङ्कन
आत्मा यो पर बस्छ ईश्वर बनी हेर्नु निराकारमा
यस्तै सूक्ष्म र श्रेष्ठ बुद्धि विजयी हुन् शत्रुका हारमा ॥२३॥

कृष्ण अर्जुनको यस्तो कुरुक्षेत्र लडाइँको
सम्वाद सकियो तेश्रो कर्मयोग समष्टिको ॥२४॥

*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ अध्याय

यो हो अव्यय योग सूर्यसित नै मैंले भनेंको सब
सूर्यैबाट सरेर योग मनुमा आईपुगेथ्यो जब
त्यै सर्दै मनुबाट विस्तृत भयो इक्ष्वाकुमा फैलियो
त्यो राजर्षि-समेतमा पनि गयो त्यस्तै पछी नाशियो ॥१॥

जो हो योग समस्त जो अघि भनें त्यै योग नै यो भयो
मेरा भक्त तिमी अनन्त दिलका जानेर नै भन्छु यो
यी सम्पूर्ण कुरा सुनेर अहिले सोध्छन् अझै अर्जुन
यो वैषम्य तथा असम्भव कुरा त्यो सुन्न पाउँ पुनः ॥२॥

धेरैकाल अगाडि सूर्यसितको सन्देश जो योगको
आज्ञा भो अहिले कसोरि अघिको त्यो सत्यको हालको
संझौं सूर्य थिए युगादि पहिले देख्छु प्रभो ! भर्खर
त्यस्तो भेट कहाँ भयो हजुरको आज्ञा हवस् ईश्वर ! ॥३॥

धेरै जन्म बिते अगाडि बुझ है तिम्रो र मेरो पनि
मै संझन्छु समस्त पूर्वजुनिमा यस्तो भएथ्यो भनी
मै हुं त्यो अविनाशि रूप बुझ है तिम्रो भयो प्राकृत
निस्कन्छू र बिलाउँछू धरतिमा बन्छू समालोकित ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मग्लानि बनेर पाप ननिको निस्कन्छ मुस्लो जब
मेरो शक्ति अनन्त आउँछ त्यहाँ उद्धार गर्छू सब
यो चौधै भुवनै र चार युग नै द्रष्टा म हूँ लोकको
मायारूप अनन्त बोकिरहने ज्ञाता सबै थोकको ॥५॥

सारा सज्जन साधु रक्षण गरी पापी निभाईकन
लीला गर्दछु संझ नित्य मनमा हे बाबु ! हे अर्जुन !
मेरो जन्म र कर्म तत्त्व महिमा संसारभन्दा पर
जस्ले जान्दछ, ठान्छ ईश्वर ममा त्यो बन्छ ब्रह्माक्षर ॥६॥

छाडी राग र द्वेष आदि जति छन् दुष्कर्मधारी मन
लागोस् चित्र ममा समाश्रित बनी एकाग्रता भैकन
जस्ले भज्छ मलाइ भक्ति रसले भज्छू म त्यै मानिस
मेरो नै अनुगामि बन्नु सबले गर्नू सधैँ कोसिस ॥७॥

कर्मज्ञानि बनेर गर्छ जसले देवादिमा अर्चना
त्यस्को मैँ फल दिन्छु कर्म गतिमा जो गर्छ त्यो प्रार्थना
कर्ता हूँ तर तत्त्व-दृष्टि गुणले बन्छू अकर्ता जब
चारै जात र वर्ण सृष्टि सब यो मैले गरें वास्तव ॥८॥

त्यो चाहिन्न मलाइ कर्म फल त्यो, त्यो नै ममा आउँछ
जस्ले बुझ्दछ यो अकर्मिक बनी ब्रह्मत्व त्यो पाउँछ
त्यो सम्पूर्ण अघी महापुरुषले जस्तो गरे त्यो गरी
त्यस्तै गर्नु बुझेर अर्जुन तिमी त्यो कर्मगङ्गा तरी ॥९॥

के हो ? कर्म, अकर्म भन्नु कुन हो ? यस्मा बडो मोहित
बन्छन् बुद्धि विवेकशील जन ती कर्तव्यमा शंकित
भन्छू कर्म विशेष तत्त्व अहिले छर्लङ्ग पारीकन
राम्रो ध्यान दिएर संझ मनमा हे भक्त ! हे अर्जुन ! ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्माकर्म विकर्म यी सब कुरा ज्ञातव्य हुन् वास्तव
ज्यादै नै गहिरो छ कर्मगति यो संभ्केर लेऊ अब
जस्ले कर्म, अकर्म देख्छ मनले छाडी अहंकार त्यो
त्यस्तै देख्छ अकर्म, कर्म सरि नै आदर्शमा पुग्छ त्यो ॥११॥

जस्ले कर्म र वासना जति सबै ज्ञानाग्निमा होम्दछ
जो संकल्प-विकल्पबाट परहोस् ज्ञाता स्वयं बन्दछ
जो सांसारिक श्रेयबाट अलगै जो ब्रह्ममा लिप्त छ
कर्मज्ञानि छ, कर्म गर्छ सहजै साँच्चै समाधिस्थ छ ॥१२॥

बाँधी चित्त फलार्थि कत्ति नभए आसक्त बन्दैन त्यो
देहैबाट गरेर कर्म फलले निखन्न है पाप त्यो
इच्छा लाभ र द्वेष आदि सबको जित्ला बडो त्यागले
त्यस्तो त्यो समबुद्धि पण्डित कुनै बाँधिन्न त्यो कर्मले ॥१३॥

जो आसक्ति विना छ कर्म उसको जो यज्ञमा लाग्दछ
कर्मै यज्ञ विलीन बन्छ सहजै त्यो मुक्त भैहाल्दछ
हो ब्रह्मार्पण हव्य, द्रव्य जति छन्, हुन् अग्नि ती ब्रह्म नै
कर्माकर्म क्रिया समस्त फल ती सम्पूर्ण हुन् ब्रह्म नै ॥१४॥

गर्छन् योगि समस्त ध्यान मनमा राखेर देवार्चना
गर्लान् ज्ञानि चरु लिँदै हवन त्यो यज्ञाग्निको प्रार्थना
ज्ञानी होम्दछ इन्द्रियादि दमले शब्दादि होम्छन् कुनै
होम्छन् राग र द्वेष भित्र मनका निष्कामनामा कुनै ॥१५॥

गर्छन् यज्ञ विभिन्न योग तपमा स्वाध्यायमा ज्ञानमा
सारा यज्ञ विधान जो, जति हुनन् छन् लोक-कल्याणमा
प्राणापान-समान पारि दुइ नै होम्छन् कुनै यज्ञमा
प्राणायाम गरिन्छ योगिजनले खैंची यथा-स्थानमा ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो आहार लिँदै सदा नियमले त्यो प्राणमा प्राण नै
होम्छन् यज्ञ गरेर पाप जति छन् हुन् यज्ञवेत्ता यिनै
त्यै यज्ञामृत ज्ञान, पानहरुले पुग्छन् परब्रह्ममा
हुन्नन् यज्ञ विना परत्र सुख ती पौंचिन्न त्यो स्वर्गमा ॥१७॥

यस्तो ज्ञान विशेष फैलिन गयो प्रष्टिन्छ त्यो वेदमा
ब्रह्माको मुखबाट निस्सृत भयो यै भन्छ त्यो शास्त्रमा
सारा यज्ञ शरीर इन्द्रिय क्रिया गर्छन् र होम्छन् सदा
होलान् बन्धन मुक्त भक्त जति छन् यज्ञार्थमा कल्पिँदा ॥१८॥

यो सांसारिक वस्तु सिध्द जति छन् ती श्रेष्ठ हुन् यज्ञमा
कर्म ज्ञान अतीव श्रेष्ठ सबमा मानिन्छ त्यो ज्ञानमा
तत्त्वज्ञान लिइन्छ ज्ञानि जनको मर्मज्ञ छन् पण्डित
त्यै ज्ञानामृत मिल्छ संगत गरे तिम्रो छ यस्मा हित ॥१९॥

तत्त्व-ज्ञान बुझेर मोह छुटला पुग्छौ तिमी ज्ञानमा
सर्वव्यापि अनन्त चेतन हुँदा त्यो सच्चिदानन्दमा
त्यो मानिन्छ समष्टि बुध्दि बुझ है एकत्व ब्रह्मत्वमा
देख्नेछौ परमात्म-तत्त्व सजिलै मिल्छौ तिमी नै ममा ॥२०॥

अज्ञानी पटमूर्ख पापि पनि ता तर्छन् महाज्ञानले
डुङ्गा ज्ञान-स्वरूप बन्छ उनको तार्ला विना कष्टले
सारा काठ खरानि पार्छ जसरी त्यो दन्किदो अग्निले
त्यस्तै पाप सखाप पार्छ बुझ है ज्ञानाग्निको ज्योतिले ॥२१॥

छैनन् ज्ञान समान केहि अरु ता होस् शुद्ध यो लोकमा
आफैं सिद्ध बनेर आउँछ ममा संशुद्ध भै योगमा
श्रध्दाको उपलब्धि ज्ञान बुझि यो यो मिल्छ है शान्तिले
श्रद्धा भक्ति विहीन शंकित सबै गिर्छन् स्वयं भ्रान्तिले ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रो योग समाधिबाट जति छन् त्यागेर त्यो बन्धन
गर्दै जानु समस्त कर्म विधिको जानेर त्यो मन्थन
काटी त्यो तरवारबाट नहुँदा अज्ञानको संशय
आऊ लड्न उठी धनञ्जय तिमी मेरो छ यो आशय ॥२३॥

युद्धोपदेश जति छन् यसमा सुनेर
मेटिन्न संशय अझै मनमा गुनेर
सोध्छन् सहर्ष अब अर्जुनबाट सारा
विश्राम हुन्छ छिन मात्र विचार-धारा ॥२४॥

✱

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँचौं अध्याय

सोध्छन् अर्जुन कृष्णका हजुरमा आफ्ना नयाँ प्रश्न यो
निष्कामी सब कर्म-योग अथवा सन्यासको योग यो
यस्मा भिन्न र योग्य के छ ? दुइमा व्याख्या बताइ सब
जे गर्दा छ भलो सुनौं सब कुरा त्यै गर्नु पर्ला अब ॥१॥

यस्तो प्रश्न सुनेर कृष्ण भगवान् व्याख्या दुवै योगको
गर्दै भन्नु भयो दुवै असल छन् निःस्वार्थ निष्काम को
यस्मा योग्य छ कर्म योग अझ त्यो सन्यासभन्दा पनि
होला त्यो अहिले भलो गर तिमी कल्याण हो यो भनी ॥२॥

आकांक्षा र विरोध द्वेष नभए निर्द्वन्द्व सन्यास हो
राग-द्वेष विहीन मानव भनौं सत्यार्थमा मुक्त हो
भन्छन् सांख्य र योग भिन्न दुइ छन् यस्मा अझै पण्डित
बाबू ? सम्झ समान छन् दुइ यहाँ निष्कामना निस्सृत ॥३॥

कर्मे-योग र ज्ञान-योग दुइ नै ब्रह्मत्वमा पुग्दछन्
त्यो सन्यास कठीन कर्म नभए सन्यासमा कर्म छन्
योगासक्त विशुद्ध इन्द्रिय सबै खेंचन्छ यो देहमा
निष्कामी अनि कर्म योगी बुझ है निर्लिप्त छन् कर्ममा ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्त्वज्ञानि तटस्थ हुन्छ बुझ यो भोग्दा नभोग्दा पनि
देख्ला दृश्य र फेरि खान्छ मुखले छोला र हिँड्ला पनि
यस्तै इन्द्रियबाट काम उसको देखिन्छ उस्तै तर
त्यो संलग्न हुँदैन भोग्य रसमा हेर्दा पचासौं थर ॥५॥

त्यो सक्तैन अवश्य गर्न सजिलै देहाभिमानी जब
त्यो साँच्चै परिपूर्ण गर्छ दमले आत्मानुरागी सब
जस्तै हुन्न चिसो जलाशय हुने त्यो पद्मको पत्रमा
ब्रह्मासक्त हुँदैन पापि उसरी निर्लिप्तको कर्ममा ॥६॥

हुन्छन् इन्द्रियबाट खास गरिने जो काम हो सो पनि
त्यो ठान्दैन समस्त योगिजनले मैंले गरेको भनी
खाली यो मनबुद्धि शुद्धि गरिने हो कर्मको चाहना
इच्छा त्यो फलको लिँदैन मनमा त्यो बन्छ निष्कामना ॥७॥

नौ ढोकाबिच देह-मन्दिर पसी हेर्दा सबै देख्दछ
यस्का कर्म, विकर्म आदि जति छन् निष्पक्षमा हेर्दछ
गर्ने, गर्न लगाउने पनि कुनै हुन्नन् मनोभावना
आत्मानन्द लिएर बस्छ दिनहूँ छन् कर्मका साधना ॥८॥

कर्ता, कर्म दुवै रहन्न फलमा त्यो हो स्वभाव-स्थिति
पापापाप लिँदैन ईश्वर यहाँ साँच्चै छ त्यो निष्कृति
स्रष्टा ईश्वर हुन्न कर्म फलको यो जान्नुपर्ला अब
त्यो अज्ञान स्वरूप बादल यहाँ आएर ढाक्छन् सब ॥९॥

यो संसार प्रकाशबाट भरियो श्रीसूर्यको शक्तिले
त्यस्तै ज्ञानस्वरूप सूर्य नभए ढाकिन्छ अज्ञानले
होस् त्यै बुद्धि परात्मसिद्ध मनमा निष्ठा तथा अर्चना
फेरी त्यो अब जन्मदैन बुझ यो सारा हटे बन्धना ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्या युक्त विनीत ब्राह्मण तथा गाई र हात्ती अनि
त्यो चाण्डाल समान कुक्कुर समै देख्ला महात्मा बनी
यो संसार प्रपञ्च जित्छ उसले पाएर यो साम्यता
निर्दोषी वनि पुग्छ ब्रह्मपदमा छाडेर वैषम्यता ॥११॥

ज्ञानीको मनमा प्रियाप्रिय दुवै सामान्यले साम्य छन्
एकीभाव रहन्छ दुःख-सुखमा जो मिल्दछन्, प्राप्य छन्
यो सांसारिक वासना पर हुदा पिल्सिन्न संसारमा
ब्रह्मानन्द छ ब्रह्म-योग सुखमा त्यो सच्चिदानन्दमा ॥१२॥

हेर्दा इन्द्रियजन्य भोग सुख छन् ती छन् बडो दुःखका
यो दुःखान्त बुझेर पण्डित सबै निष्क्रान्त छन् भोगका
काम-क्रोध-स्वभाव-जन्य जति छन् संवेग आवेगको
आफ्नै देह छँदा विमोक्षण गरी त्यो बन्छ अध्यात्मको ॥१३॥

जो अन्तः सुख शान्त छन् हृदयमा त्यै ज्ञान संकल्पमा
हुन्छन् ब्रह्म विलीन ब्रह्म-पदमा ती ब्रह्म निर्वाणमा
जो स्वाधीन स्वरूप प्राणिहरुको रक्षा सदा गर्दछ
जो सन्देह विहीन एक मतले निष्पाप भै हेर्दछ ॥१४॥

त्यस्तो पूज्य महात्म ज्ञानिजन त्यो निर्वाण बन्ला सदा
ध्यानाकृष्ट बनेर बाँच्दछ यहाँ हेर्दा सदा-सर्वदा
सारा इन्द्रियजन्य भोग जति छन् छन् दुःखका कारण
ज्ञानी मस्त हुदैन यो सुख हुँदा त्यो ठान्छ साधारण ॥१५॥

काम, क्रोध समस्त जित्छ जसले त्यो शान्त भै बस्तछ
साक्षात्कार छ ब्रह्ममा विषयको चित्ता स्वयं हट्दछ
सारा शान्त स्वरूप देख्छ उसले सारा परब्रह्ममा
देख्ता ब्रह्म समस्त विश्वभरमा त्यो ब्रह्म निर्वाणमा ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् बाह्य स्थिति वासना विषय ती छाडेर त्यो चिन्तन
आँखी-भौं-बिर्च पार्दछन् नजर ती सारा समालीकन
प्राणापान-समान साधन गरी खैंचेर त्यो नाशिका
पूर्णाभ्यास समस्त कर्म जति छन् सामान्य छन् योगिका ॥१७॥

आफ्ना यी दश इन्द्रियादि सबको यौटै गुजुल्टो गरी
सस्तै बुद्धि तथा मनःस्थिति दुवै बाँध्ला अझै बेसरी
काम, क्रोध समस्त दुर्गुण सबै भाग्छन् भएका जति
त्यस्तो मानिस मुक्त हुन्छ बुझ यो धेरै बताऊँ कति ॥१८॥

भोक्ता हूँ तप यज्ञको बुझ तिमी सम्पूर्ण प्राणी पनि
मेरै मित्र सबै भनेर बुझ है मैं हूँ सबैको धनी
मैं हूँ ईश्वरका अधिष्ठित पिता मेरो समाराधना
गर्ने मानिस शान्ति पाउँछ सधैं मेरो गरून् चिन्तना ॥१९॥

यो कर्म संन्यास सबै सुनेर
बस्छन् यता अर्जुन ती झुकेर
श्रीकृष्णले वर्णन गर्नुहुन्छ
प्रारम्भ हेरौं अब के थपिन्छ ॥२०॥

*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैटौं अध्याय

कर्मैको फलमा अनाश्रित हुँदै जो कर्म त्यो गर्दछ
त्यो सन्यासि र योगि हुन्छ बुझ है संसार यो तर्दछ
यज्ञार्थी र सकामि कर्महरुले मानिन्न त्यस्तो तर
त्यस्तै कर्म गरोस् निरग्नि पनि होस् त्यस्तै कहाँ हुन्छ र ! ॥१॥

जो सन्यास भनिन्छ योग उहि हो संकल्प छाडीकन
त्यो संकल्प न छाडि हुन्न बुझ है संन्यास योगी-जन
जो योगेच्छुक सन्त छन् यदि भने हो कर्म नै कारण
योगारूढ भए समत्व उनमा देखिन्छ लोकार्षण ॥२॥

भोगेच्छा सब इन्द्रियार्थ सबले छाड्ला निरासक्तिले
त्यो संकल्प विहीन-कर्महरुमा बस्ने समाधिष्ठले
साँच्चै योग पुरा गर्‍यो अनि पुग्यो त्यो पूर्णता योगमा
आऊ झट्ट उठेर अर्जुन तिमी यो कर्म संन्यासमा ॥३॥

आफैं हो बुझ शत्रु मित्र दुइ नै अर्को यहाँ छैन है
गाड्ने फेरि उठाउने पनि उही आफैं यहाँ बन्छ है
यो बन्धुत्व बढाउने पनि उही जित्नेछ आफ्नै मन
जो जित्दैन गड्यो र शत्रु हुन गो बिग्रन्छ यो जीवन ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो स्वाधीन छ आत्म-ज्ञानहरुले लाग्ला परात्मातिर
त्यो शीतोष्ण समान दुःख-सुखमा मान्दैन उस्ले पिर
त्यस्तै मान-अमानमा छ समता कुटस्थ संतुष्टमा
त्यो विज्ञान र ज्ञान तप्त दुइमा फस्दैन त्यो भोग्यमा ॥५॥

माटोमा सुनमा बराबर सधैं ठानेर नै बस्छ त्यो
त्यस्तै शत्रु र मित्र देख्छ समता वैषम्य मान्दैन त्यो
यो मध्यस्थ रहन्छ द्वेष्य अथवा बन्धुत्वको दृष्टिमा
सच्चा त्यो सम-बुद्धि हुन्छ बुझ है मानिन्छ त्यो योगिमा ॥६॥

ज्ञानी जित्दछ इन्द्रियादि जति छन् निर्वासनामा बसी
बेग्लै एकल ठाउँ बस्छ मनका तृष्णा अनेकौं कसी
त्यस्तै शुद्ध, पवित्र धारण गरी मध्यस्थको आसन
होला ईश्वरनिष्ठ ध्यान दिनहूँ एकाग्र पारी मन ॥७॥

त्यस्तो आसनमा बसेर मन यो खैंचेर एकाग्रता
होलान् इन्द्रिय एक चित्त उसका स्वाधीनमा व्यस्तता
हट्दै जान्छ विकार विघ्न जति छन् जो रोग हो भोगको
अन्तःशुद्ध-निमित्त गर्छ उसले अभ्यास त्यो योगको ॥८॥

राखोस् मस्तक देह घाँटि समता नाशाग्र हेर्दै स्थिर
रोकी त्यो मन-चित्त निश्चल गरी त्यस्तै बनोस् निर्डर
यो आध्यात्मिक योग तत्त्व छ ममा गर्दा समाराधना
त्यो मैंमा मिलि मुक्ति पाउँछ बुझ्यौ त्यस्तै गरोस् साधना ॥९॥

शान्तात्मा व्रतधारि निष्ठ गहिरो होस् ब्रह्मचारी व्रत
होस् स्वाधीन मनस्वि निर्दिश-मुखी निर्वाणमा संस्थित
त्यो मैंमा मिलिजान्छ शान्तिलयमा यस्तो महायोगले
यस्तै छन् अरु योग अर्जुन बुझ्यौ ! आज्ञाभयो कृष्णले ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो योग छ यो अचम्म बुझ है आश्चर्यको वात छ
यो सक्तैन सुताह जागृत न वा अल्सी न ता सक्त छ
भोका वा अनि खन्चुवा पनि अझै सक्तैन अभ्यास यो
योग्याहार-विहारवाट गरिने मानिन्छ है योग यो ॥११॥

योगाभ्यास गरेर चित्त उसको आत्मासितै मिल्दछ
बन्ला निष्प्रिय काम भोगहरुमा योगी स्वयं बन्दछ
हावा शून्य थलो हुँदा चहकिने त्यो दीप ज्वाला सरी
त्यै एकान्त र कान्ति-पूर्ण गतिले चम्किन्छ योगीधरी ॥१२॥

योगाभ्यास निरुद्ध चित्त जहिले विश्राम त्यो गर्दछ
त्यै वेला खुसि हुन्छ आत्मरतिले योगस्थ सन्तुष्ट छ
त्यो ऐन्द्रीय अतीत बन्छ सहजै संसूक्ष्मता बुद्धिले
त्यो आनन्दित बन्छ निश्चलधरी निर्बन्धको मुक्तिले ॥१३॥

साक्षात्कार सिवाय लाभ उसको देख्दैन अर्को कुरा
यस्तो भाव विभूति-योगि-जनले संकष्ट खप्ला पुरा
जो संयोग-वियोग दुःखहरुको निर्बाध ठान्ला जब
गर्ला निर्णयसाथ निश्चय पुरा कर्तव्य आफ्नो सब ॥१४॥

जो संकल्पित वासनाहरु सबै सम्पूर्ण छाडीकन
सारा इन्द्रिय ती पछारि मनले बाँधेर पद्मासन
बिस्तारै क्रमबद्ध भैकन गरोस् त्यो बुद्धिले धैर्यता
आत्माज्ञान सिवाय चिन्तन नहोस् बन्नेछ पूर्णता ॥१५॥

त्यो चाञ्चल्यपना अवश्य मनमा दौडन्छ है वेगले
आत्मातर्फ झुकाव पार्नु मन यो तानेर सद्ज्ञानले
शान्तै हुन्छ अझै रजोगुणा धरी जो शान्त भै बस्तछ
एकीभाव स्वरूप बन्छ उसको ब्रह्मत्वमा मिल्दछ ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा पाप विमुक्त योगिजन त्यो पाएर सर्वात्मता
ब्रह्माभूति सुखी र शान्त रहला बिर्सन्छ संसार ता
सर्वव्यापि अनन्त भूत उसले सर्वत्र देख्ला सम
हट्ला योग समाधिबाट मनका स्वप्नस्थ सारा तम ॥१७॥

आफैंमा सब प्राणि देख्छ समता त्यस्तै उता प्राणिमा
यस्तो यो समदर्शि योगिजनको होला विचारादिमा
उस्ले देख्छ मलाइ, देख्छु सहजै मैले उही आफूमा
त्यो अदृश्य मबाट हुन्न कहिले एकत्वको हेतुमा ॥१८॥

एकीभाव भएर बस्तछ ममा जस्तैभए तापनि
मेरो भाव स्वरूप बन्छ उसको प्रत्यक्ष द्रष्टा बनी
आत्मौपम्य बनेर हेर्छ सबको त्यो देख्छ यो साम्यता
हुन्नन् ती सुख दुःखका पनि कुरा छन् योगमा श्रेष्ठता ॥१९॥

यस्तो ज्ञान अपार बक्सनुभयो श्रीकृष्णले पार्थमा
भन्छन् पार्थ समत्वभाव कसरी उब्जन्छ चाञ्चल्यमा ?
आँधीतुल्य समाल्न कष्ट मन यो धानिन्न कस्तै गरी
मेरो यो मन चञ्चले बस विना तान्ला मलाई धरी ॥२०॥

आज्ञाहुन्छ अगाडि कृष्ण भगवान् साँच्चै भन्यौ तैपनि
यो सन्यास र योगले खिचिलिनन् वैराग्य-धारी मुनि
खिच्नै पर्दछ यो मनस्विहरुले छाडा बनेको मन
जो स्वाधीन छ खिच्छ कोसिस गरे यो संझ है अर्जुन ॥२१॥

लागे अर्जुन सोध्न कृष्णसित नै जो योगमा चञ्चल
हुन्छन् योग असिद्धि धान्न नसकी सद्योगमा निष्फल
श्रध्दा-युक्त छ भक्तका गुण सबै पाइन्छ त्यस्मा सब
त्यस्ताको गति के हुनेछ भगवन् ? आज्ञा हवस् यो अब ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होला त्यो घर-घाटबाट अलगै दोसाँधमा पर्छ कि ?
टुक्रा बादलझैं विखण्डन हुँदै अस्तित्व नै गुम्छ कि ?
साँच्चै त्यो अलपत्र पर्छ कि कतै त्यो मुक्ति-मुक्ति विना
त्यस्ता योग असिद्ध भक्तहरुको के हुन्छ त्यो साधना ? ॥२३॥

यो शंका मनमा हुँदा हजुरमा राखें बडो भक्तिले
मेरो संशय यो निवारण हवस् सुन्छु यथाशक्तिले
यो शंका अरुले अवश्य सजिलै सक्तैन काट्नै पनि
भक्तै हो भनि माफ बक्सनुहवस् मैंले गरें सोधनी ॥२४॥

यस्ता प्रश्न गरेर अर्जुन बसे आज्ञाभयो कृष्णको
त्यस्ताको अलपत्र हुन्न बुझ है जो मिल्छ सो कार्यको
योगभ्रष्ट बनोस् छ भक्त विचरा त्यो पुण्यभागी जन
भोगी स्वर्ग अनन्त पुण्य फलले होला पुनर्जीवन ॥२५॥

योगासक्त बनोस् तथापि पछि त्यो सद्योगिका वंशमा
जन्मेला बुझ भक्त त्यो यदि भए त्यो गर्छ पूर्वांशमा
उस्को बुद्धि समत्वभाव जति हो त्यो पूर्वको जन्ममा
होला त्यो सजिलै समाश्रित हुँदै झर्ला पुनर्जन्ममा ॥२६॥

पूर्वाभ्यास समस्त बुद्धि उसका संस्कार जो छन् सब
अर्को जन्म लिँदा सरासर यिनै उस्तै रहन्छन् अब
उस्को संचित पूर्वज्ञान फलले जित्ला सबै कामना
त्यो ब्रह्मत्व पुरा हुनेछ पछि नै त्यै योगको साधना ॥२७॥

यत्नै गर्नुपर्‍यो गरेपछि उसै निष्पाप संशुद्ध छ
त्यो जन्मान्तर मिल्छ सिद्ध फल त्यो यो योगमा सिद्ध छ
योगी हुन्छ महान् तपस्विहरुमा शास्त्रज्ञभन्दा पनि
कर्माधिक्य छ योग-सिद्धि बुझ यो त्यो योगवेत्ता भनी ॥२८॥

बाबू ! अर्जुन यो संझ आत्म संयमका कुरा
फर्काऊ मन आफैंमा मेरो आशयमा पुरा ॥२९॥

✸

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सातौं अध्याय

शंका अर्जुनको निवारण गरी अर्को कुरा कृष्णको
आयो फेरि प्रसंग उद्धृत हुँदै त्यो ज्ञान-विज्ञानको
आज्ञा भो जसले ममा मन दिई लेला ममा आश्रय
मेरो हुन्छ अनन्य भाव उसको मैँमा सदा निश्चय ॥१॥

बाबू ! अर्जुन भन्छु विस्तृत कुरा त्यो ज्ञान-विज्ञान को
त्यो जाने पछि छैन बात अरु ता यो मर्त्य संसारको
हजारौं नरनारिमा पनि कुनै राख्लान् ममा निष्ठता
त्यस्मा फेरि कमै परायण हुनन् बुझ्लान् परब्रह्मता ॥२॥

पृथ्वी, पानी र अग्नि, वायुहरुमा आकाश जोडीकन
पाँचै तत्त्व र बुद्धि साथ मनले सातौं गराईकन
आठौं हो ममता विभक्त यिनी छन् मेरा सधैं साथमा
हुन्छन् मैँसित यी सबै प्रकृतिका मेरै गुणाधारमा ॥३॥

मेरो जीव स्वरूपमा छ अपरा छन् ब्रह्ममा ती परा
यो उत्पत्ति र नाश हुन्छ बुझ है छन् सृष्टिका जो जरा
अर्को छैन यहाँ रहस्य दुइ यो ढाकिन्छ संसारमा
धागोमा मणिझैं उनिन्छ भवमा त्यै सूत्र संझोस् ममा ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पानीमा रस हूँ, प्रभा किरणमा, ओंकार हूँ वेदमा
हूँ आकाश समस्त शब्दहरूमा, हूँ पुष्प त्यो गन्धमा
मान्छेमा पुरूषार्थ हूँ, धरतिमा हूँ तेज नै सूर्यमा
मान्छेका तपधारिमा तप म हूँ हूँ बीज नै प्राणिमा ॥५॥

प्राणी जीवन हूँ, बलार्थि-बल हूँ, बौद्धिष्ठमा बुद्धि हूँ
धर्मैपूर्वक काम प्राणिहरुमा निर्वासनाको म हूँ
मैंमा नै सब सत्त्व आदि गुण छन् सारा ममा व्याप्त छ
मैं त्यस्मा पनि छैन संझ अहिले त्यस्मा गुणातीत छ ॥६॥

त्यस्तै सत्त्व रजो-गुणादि तिनमा माया फिजारीकन
यी सारा त्रिगुणात्मिका सब क्रिया चल्छन् बुझ्यौ अर्जुन !
मेरो अव्यय भाव बुझ्न नसकी बाटो बिराईकन
पर्छन् मोह र जालमा बुझ तिमी ज्यादै चनाखो बन ॥७॥

दैवी मोह अनन्तको छ सजिलै बुझ्दैन यो लोकले
बुझ्छन् भक्त ममा समाश्रित हुने तर्छन् यसै पुण्यले
पापी दुष्ट तथा नराधमसरी गिर्छन् बिना भक्तिले
मायाबाट गिरेर आसुरिपना लिन्छन् बिनाशक्तिले ॥८॥

मेरा भक्त प्रकार चार तहमा धर्मात्म छन् तापनि
ती जिज्ञासु र आर्त ज्ञानि धनका होलान् धमार्थि पनि
ज्ञानी मात्र अनन्य भक्त पहिलो त्यस्मा स्वयं बस्तछु
मेरा भक्त सबै हुनन् तर म ता त्यस्का सँगै रम्दछु ॥९॥

त्यस्को हुन्छ उदार भाव दिनहूँ त्यो ता ममा मिल्दछ
मेरै आत्म-स्वरूप बन्छ गतिमा सर्वोच्च त्यो भक्त छ
धेरै काल पछाडि जन्मिन पुगें श्रीवासु देवांशमा
ज्ञानी मिल्छ ममा समर्पित बनी सर्वोच्च त्यो ज्ञानमा ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोगासक्त बनेर भक्तहरुले पूज्छन कुनै देवता
ती आफ्नै अनुभूतिबाट फितला मैँमा हुनन् एकता
जो जस्तो जुन देव पूज्छ उसमा त्यै रूपमा बस्छु म
सारा सिद्धि म दिन्छु भोग्य जति छन् सत्कामको बन्छु म ॥११॥

आत्मज्ञान र अल्पबुद्धिहरुको त्यस्तै फलेच्छा पनि
भोग्दै नाश हुदै रहन्छ फल त्यो कल्पान्तमा हुन्न नि !
मेरो भक्त हुँदैन त्यस्तरहको मैँमा स्वयं मिल्दछ
मायाजाल छिचल्न सक्छ उसले त्यै कामना जित्दछ ॥१२॥

देवैमा जुन देव मान्छ कसले त्यै देवमा मिल्दछ
मैँमा मिल्छ अनन्त भक्त छ भने त्यो ता स्वयं मुक्त छ
त्यो अव्यक्त रूप भाव नबुझी जो देख्छ त्यो व्यक्तता
मायाबाट अदृश्य बन्दछु म ता देख्दैन अव्यक्तता ॥१३॥

मेरो स्वच्छ प्रकाश मूढहरुमा ढाकिन्छ छाया परी
पर्दा बादलझैँ रहन्छ बिचमा ढोका लगाए सरी
त्यो बुझ्दैन अनन्त रूप गतिले त्यो देख्छ माया सब
बाबू ! अर्जुन प्रष्ट यो गरिसकेँ कै भन्नु पर्ला अब ! ॥१४॥

सारा भूत भविष्य जो छ अहिले सम्पूर्ण मैँ जान्दछु
मेरा भक्त सिवाय यी सब कुरा जान्दैन त्यो भन्दछु
इच्छा, द्वेष र दुःख भोगहरुको अज्ञानतामा बसी
त्यो देख्दैन मलाइ संझ पनि यो संसारमा त्यो कसी ॥१५॥

छन् निष्काम बनेर पाप अँचटी ती पुण्यकर्मी जन
मेरा नै दृढ भक्त हुन् बुझ तिमी मैँ लिन्छु ती सज्जन
बूढो मृत्यु बिना छ मुक्ति उसको लिन्छन् यिनै चाहना
ती अध्यात्म र कर्म बुज्रुक बनी गर्छन् निकै साधना ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो ब्रह्मज्ञ छ ज्ञान सिद्धि उसको भैहाल्छ त्यो अन्त्यमा
जन्मै मृत्यु हुँदैन मैंसित मिली त्यो पुग्छ अध्यात्ममा
साधी यज्ञ र भूत, दैवत धरी आफ्ना सबै साधना
त्यो सम्पूर्ण भएर योगिजनले लेला ममा भावना ॥१७॥

ज्ञान-विज्ञानको योग कृष्णबाट सुनें सब
भन्छन् अर्जुनले फेरी ब्रह्म-ज्ञान सुनौं अब ॥१८॥

✸

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठौं अध्याय

सोध्छन् अर्जुन ब्रह्मयोग अब ता मानिन्छ जो अव्यय
के हो ब्रह्म ? परत्रको अनि सुनौं अध्यात्मको आशय
कर्मै हो कुन आधिभूत कुन हो ? त्यस्तै बुझौं दैवता
को हो ? त्यो अधियज्ञको पनि कुरा बुझ्दीन केही म ता ॥१॥

यो कस्ता रितले रहन्छ तनमा कस्तो छ संचालन
रोक्ने चित्त कसोरि अन्तिम हुँदा होला प्रभो ? चिन्तन
यस्ता प्रश्न गरी धनञ्जय बसे माया झुकाईकन
आज्ञा मिल्दछ कृष्णबाट सहजै प्रष्टै खुलाईकन ॥२॥

सच्चा अक्षर भन्नु ब्रह्म उहि हो अध्यात्म ता भाव हो
त्यस्तै भूत प्रपंच व्यापक कुरा नैसर्गता कर्म हो
साँच्चै त्यो अधिभूत नष्ट गतिका हुन् ती विनाशी कुरा
त्यस्तै नै अधिदैवता पुरुष हो यो बुझ्नु पर्ला पुरा ॥३॥

भन्छन् त्यो अधियज्ञमैं बुझ तिमी मैंबाट संचालन
हुन्छन् यी सब देहधारिहरुका माया फिजारीकन
जो मेरो स्मृतिमा शरीर उसको छाड्ला ममा मिल्छ त्यो
निःसंदेह छ मुक्ति संझ उसको तद्भावमा पुग्छ त्यो ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो संझन्छ शरीर अन्त्यतकमा जो भाव त्यो राख्दछ
त्यो त्यै रूप लिएर बस्छ पछि त्यो त्यै रूपमा भोग्दछ
त्यस्को कारण संझ अर्जुन तिमी मैंलाई संझेर यो
आफैं मुक्त बनेर युद्ध गर है सन्देश मेरो छ यो ॥५॥

जो एकाग्र बनेर चित्त उसको संझन्छ दिव्याकृति
त्यो बन्ला उहि रूप ध्यान दिनहूँ गर्दा अझै सद्गति
जो सर्वज्ञ अनादि सूक्ष्म अणुझैं धर्ता र कर्ता सरी
यो चैतन्य प्रकाश सूर्य सरि नै ढाक्ला उज्यालो गरी ॥६॥

जो यस्तो अति भक्त, भित्र प्रभुको जो संझला अन्त्यमा
आफ्नो निश्चल चित्त लाग्छ विभुमा खैंचेर त्यो योगमा
भ्रू-मध्यस्थ बनाइ प्राण उसको श्रीकृष्णजी संझला
त्यो दिव्यात्म-स्वरूप ब्रह्म हुनगै मुक्ति स्वयं पाउला ॥७॥

भन्छन् अक्षर वेद विज्ञहरुले ओंकार यो हो भनी
त्यै ओंकार क्रिया लिई विरतिमा पुग्छन् महात्मा मुनि
इच्छा यो जब हुन्छ ब्रह्म मुनिमा त्यो ब्रह्मचर्यादि जो
गर्छु वर्णन आदि अर्जुन तिमी सुन्नू यहाँ भन्छु जो ॥८॥

सारा इन्द्रिय रोकि यो हृदयमा राखेर आफ्नो मन
प्राणै मस्तकमा पुऱ्याउन सकोस् हो योगको साधन
ओं एकाक्षरि ब्रह्म मन्त्र जपदै एकाग्रता मैंतिर
होला, प्राण बिसाउला उ रहला कैवल्यमा सुस्थिर ॥९॥

जो एकाग्र बनेर चिन्तन गरी मैंमा सदा लाग्दछ
त्यस्तो योगी ममा रहन्छ सहजै त्यो नित्य संयुक्त छ
मैमा मिल्छ हुँदैन जन्म पछि त्यो यो दुःख संसारमा
त्यस्ता धीर विशेष योगिजन ता मानिन्छ अत्युच्चमा ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो ब्रह्माण्ड समस्त लोक जति छन् जान्छन् र फिर्छन् पुनः
मेरा भक्त ममा मिलेपछि यहाँ पर्दैन त्यो फर्कन
हामी मानिसको हजार युगमा ब्रह्म अहो रात्र यो
मान्छन् यो सब जान्दछन् गणितले विद्वान् विशेषज्ञ यो ॥११॥

ब्रह्मा को सब सृष्टि जो छ दिनझैं अव्यक्तबाटै सब
त्यस्तै सृष्टि विलीन रात सरि झैं उस्तै गरी वास्तव
जन्मन्छन् अनि मर्दछन् प्रकृतिमा यी भूत प्राणी जब
ब्रह्माको सय वर्षमा प्रलयको संकेत होला तब ॥१२॥

मानौं सृष्टि प्रपञ्चको उदयले सारा उज्यालो भयो
त्यस्तै नाश हुँदा समस्त लयमा हेर्दा अँध्यारो छ यो
जो हो तत्त्व र भाव बस्छ बुझ है अव्यक्तभन्दा पर
मेरो धाम छ त्यो सनातन उही त्यै भाव हो अक्षर ॥१३॥

त्यो अव्यक्त परंगति प्रकृतिको अत्यन्त नै उच्च छ
फर्कन्नन् नि उहाँ पुगेपछि यहाँ त्यो धाम शीर्षस्थ छ
त्यो मिल्दैन बिना प्रयास सजिलै चाहिन्छ एकाग्रता
सारा जीव छ व्याप्त यो जगतमा त्यस्मा छ यो व्याप्तता ॥१४॥

त्यस्तै मार्ग छ शुक्ल, कृष्ण दुइटा संसाथमा योगको
जो फर्कन्छ र मुक्ति हुन्छ भवमा बाटा बने भिन्नको
ज्वाला अग्नि र शुक्ल पक्ष दिन यी हुन् उत्तरी पक्षमा
जो प्राणान्त छ उत्तरायण हुँदा फर्कन्न यो लोकमा ॥१५॥

रात्री कृष्ण धुवाँ छ कृष्ण दिन यी हुन् दक्षिणी पक्षमा
जो मर्छन् सब पुण्य भोग पछि ती फिर्छन् यसै लोकमा
माघैदेखि असारसम्म रवि ती जान्छन् हुँदै उत्तर
झर्छन् साउनबाट दक्षिण दिशा त्यो पौषमा आखिर ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फर्कन्नन् बुझ योगि शुक्लपथका जान्छन् भने मुक्तिमा
चन्द्र-ज्योति बनेर कृष्णपथका ती फर्कलान् भूमिमा
बाबू ? अर्जुन संझ मार्ग दुइको संझेर तत्त्वार्थ यो
फस्दैन् समवुद्धि बन्छ उनको निष्कामनासाथ यो ॥१७॥

यी सम्पूर्ण कुरा बुझेपछि सबै वेदादि यज्ञादिको
ती सारा फल नाघ्छ बन्छ सजिलै तत्त्वज्ञ ब्रह्मज्ञको
होला मुक्ति र आदि धाम उसको ब्रह्माण्डभन्दा पनि
पुग्ला माथि अवश्य संझ मनमा सच्चा महात्मा बनी ॥१८॥

सब अक्षर ब्रह्म योगको
जति छन् तत्त्व बुझेर कृष्णको
अति उत्सुकता बढ्यो झन
अब सुन्छन् अरू बात अर्जुन ॥१९॥

✵

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवौं अध्याय

आज्ञाभो अब कृष्णले सुन तिमी जो ज्ञान-विज्ञानको
सारा बात म भन्छु तत्त्व जति छन् जो गोप्य छन् भित्रको
त्यस्ले मुक्ति हुनेछ ज्ञान सुन यो हो राजविद्या पनि
प्रत्यक्षै फल मिल्छ, पुग्छ सजिलै त्यो अन्त्यमा मैं बनी ॥१॥

विधाको अनि गोप्य राजसि-पना झल्कन्छ यो योगमा
ज्यादै योग्य पवित्र संझ मनमा प्रत्यक्ष हो मोक्षमा
श्रद्धा छैन भने ममा नपुगि त्यो फर्कन्छ यै लोकमा
यो हो अक्षय धर्म वास्तव तिमी लाग्नू यसै धर्ममा ॥२॥

यो संसार छ व्याप्त मैं जगतमा अव्यक्त भै बस्तछु
पानी हुन्छ अवश्य त्यो बरफमा त्यस्तै म सादृश्य छु
सारा दृश्य ममा छ संझ सब यो, त्यो दृश्यमा छैन म
यो अव्यक्त, अदृश्य रूप जुन हो त्यस्तै स्वयं बन्छु म ॥३॥

सारा भूत ममा हुँदैन बुझ यो त्यै योगको शक्तिले
माया योग प्रभाव शक्तिहरुले देख्छन् यथा दृष्टिले
हुन्छन् धारण पोषणादि जति छन् वैषम्यता यो सब
मेरो भौतिक तत्त्वमा न त छ यो संलग्नता वास्तव ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै वायु विशाल वन्छ नभमा आकाशमै घुम्दछ
त्यस्तै भूत मबाट कल्पित हुँदै मैमा समाविष्ट छ
यो कल्पान्त प्रपञ्च गुम्छ लयमा फिर्ला उही आदिमा
यस्को आदि र अन्त्य बन्छ बुझ यो मेरो सधैं सृष्टिमा ॥५॥

सारा यो त्रिगुणात्मिका प्रकृतिको माया जगत्-व्यापिनी
कर्मैका वसबाट सृष्टि गरियो त्यस्मा म ता छैन नि !
मैं अध्यक्ष बनी चराचर सबै संसार यो सृष्टि यो
यो संयोग-वियोग-चक्र-पथमा त्यो वासना भित्रियो ॥६॥

ठान्छन् मूढ मलाइ मानव यहाँ त्यो मानवी रूपको
गर्छन् कीर्तन आरती लिइ सधैं बत्ती तथा धूपको
मेरो तत्त्व नजानि मोहित हुनन् आशा वृथा कर्ममा
ती हुन् आसुरि,तामसी गुण सबै अल्पज्ञ हुन् ज्ञानमा ॥७॥

दैवी मोह तथा सदा प्रकृतिको मान्ने महात्मा-जन
मान्छन् अक्षर मैं बुझेर भगवान् श्रद्धा लगाईकन
मेरो गान र मान कीर्तन-धरी गर्छन् बडो ध्यानले
बन्छन् भक्त अनन्त भाव गुणले श्रद्धा नमस्कारले ॥८॥

गर्छन् यज्ञ उपासना थरिथरी मैंलाइ नै पाउन
एकानेक विधानबाट विधिले गर्छन् सदा पूजन
मेरो बन्छ विराट् स्वरूप बुझ यो सर्वत्र मेरो मुख
देखिन्छन् मुखमा चारचर सबै संकष्ट त्यस्तै सुख ॥९॥

मैं हूँ यज्ञ स्वधा र औषधि म हूँ, धाता म हूँ, मन्त्र हूँ
त्यस्तै आज्य र होम अग्नि पनि हूँ, माता पिता वैद्य हूँ
बाजे लोक पिता पवित्र दिलको होता तथा हव्य हूँ
भर्ता साक्षि र मित्र बीज पनि हूँ, संसारको बास हूँ ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो ओंकार म हूँ विशाल अति नै, त्यस्तै तिनै वेद हूँ
स्थायी पोषणको शुभाशुभ दुवै देख्ने र हेर्ने म हूँ
यो उत्पत्ति, विनाश कारण तथा आधारको स्तम्भ हूँ
सोस्ने सूर्य म हूँ नियन्त्रण गरी, वर्षा दिने मेघ हूँ ॥११॥

त्यस्तै सम्झ अझै मृतामृत दुवै सत् वा असत्को पनि
मैं विद्याधर ती सकामि जनले खोज्छन् मलाई भनी
मेरै यज्ञ गरेर सोमरस यी त्यै स्वर्गको कामना
भोग्छन् स्वर्ग सुखादि फर्कि भवमा लिन्छन् पुनः वासना ॥१२॥

जस्ले गर्छ अनन्य भाव मनले मेरै सदा चिन्तन
निष्कामी वनि नित्य चिन्तन ममा खैंचेर आफ्नो मन
त्यो योग-क्षमता म बोक्छु बुझ यो त्यस्ता महायोगिको
मैं सारूप्य फलाधिकार बुझ है सच्चा समाधिस्थ-को ॥१३॥

जो भज्छन् अरु देवता विधिविना सद्भक्ति राखीकन
मेरै भक्त म मान्छु अर्जुन तिमी संझेर लेऊं मन
मै हूँ यज्ञ समस्तको फल मुखै छोपिन्छ अज्ञानमा
त्यो फर्किन्छ फलार्थि भाव रहँदा फस्ला पुनर्जन्ममा ॥१४॥

मिल्छन् देव र भूत पूजन गरे त्यस्तै गरे पितृको
मिल्लान् पितृसमेत नै नियम यो देखिन्छ त्यो शास्त्रको
मेरो पूजनमा छ यो सुगमता सन्तुष्ट छु भक्तिमा
अर्पोस् त्यो फलफूल, पत्र, जल नै आफ्नो यथाशक्तिमा ॥१५॥

जे गर्छौ सब त्यो समर्पण गरी मैलाइ नै अर्प त्यो
खान्छौ त्यो पनि ता ममा हुन गयो मेरै बन्यो हव्य त्यो
त्यस्तै दान र ध्यान जो जति सबै मैलाइ नै सुम्प त्यो
तिम्रो धर्म र कर्म मान जति छन् मेरै कृपा बन्छ त्यो ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा यी फलका शुभाशुभ सबै सन्यासद्वारा सब
मैंमा हुन्छ सबै समर्पण तिमी मैंमा बसौला जब
हट्छन् ती सब कर्मवन्धन सबै मैंमा तिमी पुग्दछौ
मेरै खास महत्त्वबाट सहजै ब्रह्मत्व मा मिल्दछौ ॥१७॥

सारा भूत अमित्र मित्र न हुँदा मेरो छ यो साम्यता
त्यो पुग्नेछ ममा, म पुग्छु उसमा देखिन्न यो भिन्नता
त्यो आचार-विहीन होस् तर ममा श्रद्धा लगाईकन
मेरो भक्त अनन्त बन्दछ भने सच्चा महात्मा भन ॥१८॥

मेरो भक्त विनाश हुन्न कहिले बस्ला सदा शान्तिमा
त्यो पर्दैन अनर्थबाट सहजै त्यो पापको योनिमा
मेरो आश्रयबाट तर्छ सजिलै उद्धार उस्को भयो
स्त्री-शूद्रादि अनेक पाप जति छन् शंका नराम्रो गयो ॥१९॥

यस्ताले पनि पुण्य पाउँछ भने के भन्नु राजर्षिमा
पुण्यात्मा व्रतधारि ब्राह्मण सिधै पुग्छन् परंधाममा
बाबू ! अर्जुन ! मत्परायण बनी मेरै तपस्या गर
मिल्नेछौ सजिलै ममा बुझ तिमी संसारभन्दा पर ॥२०॥

भन्नु भो कृष्णले यस्तै राज विद्यादिका कुरा
यसैमा गरियो हाम्रो नवौं अध्याय यो पुरा ॥२१॥

*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशौं अध्याय

आयो बात विभूति योगतिरको सुन्छन् कुरा अर्जुन
आज्ञा हुन्छ सहर्ष कृष्ण भगवान् तत्त्वार्थ खोलीकन
बाबू ! अर्जुन ! तत्त्व ज्ञान हितमा विश्वस्त भै भन्दछु
मेरा भक्त तिमी सदाशय लिँदै विस्तार यो गर्दछु ॥१॥

मेरो तत्त्व विभूतिको गहनता लीला चमत्कारको
बुझ्दैनन् मुनि देवता गण कुनै दुष्प्राप्य यो ज्ञानको
मेरो आदि अनन्त शक्ति सबमा उत्पत्तिको कारण
जस्ले बुझ्छ मलाइ तर्छ सहजै त्यो बन्छ पारायण ॥२॥

बुद्धि, ज्ञान, अमूढ, सत्य र क्षमा खिच्ने सबै इन्द्रिय
त्यस्तै सौख्य र दुःखमा छ समता उत्पत्ति होस् वा लय
भावाभाव समान दान तपमा त्यस्तै बनोस् निर्भय
सारा भाव मबाट सिर्जित भए मैंमा रहन्छन् लय ॥३॥

जो छन् सात महर्षि, चौध मनु जो मैंले गरें सिर्जना
त्यस्तै ती सनकादिको पनि भयो मेरै थियो कल्पना
यी सम्पूर्ण प्रजा समष्टि गतिमा मैंले गरें सृष्टि यो
मेरो सृष्टि विभूति बुझ्दछ भने तत्त्वज्ञ नै मानियो ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैं उत्पत्ति प्रपञ्च कारकभनी बुझ्छन् सदा पण्डित
चेष्टा हुन्छ मबाट व्यापक बनी बन्दैन त्यो खण्डित
मैंमा चित्त र प्राण अर्पण गरी मैंमा सदा रम्दछन्
मैंलाइ अझ ध्यानपूर्वक भजी मैंमा पुगी मिल्दछन् ॥५॥

त्यस्तालाइ म दिन्छु बुद्धि सजिलै श्रद्धेय सत्प्रेमले
त्यो तादात्म्य ममा मिलेर रहला तत्त्वज्ञको योगले
त्यो अज्ञान र अन्धकार मनको फालेर सद्बुद्धिले
मेरो भाव रहन्छ नित्य उसमा ज्ञानाग्निको बत्तिले ॥६॥

सोध्छन् अर्जुन कृष्णमा अरु कुरा बुझ्ने लिँदै आशय
मेरा पूज्य अनादि देव भगवन्! भन्दै मलाई जय
भन्छन् नारद व्यास देवल तथा श्रीकृष्ण श्रीकेशव !
छन् हज्जार विभूति नाम प्रभुको यो लोकमा वैभव ॥७॥

जाने यी सब रूप हुन् हजुरका मैंले भनेका कुरा
बुझ्दैनन् मुनि देवदानव कुनै जो भन्नु यो सो पुरा
हे भूतेश ! जगन्निवास भगवन् आत्मा स्वयं आफू नै
आफ्नो वैभव तत्त्व-ज्ञान दिनुभो सच्चा म हूँ भक्त नै ॥८॥

सारा दिव्य विभूतिबाट प्रभुको संसार यो व्याप्त छ
जानौं यो कसरी र चिन्तन गरौं जो लोकमा व्याप्त छ
लागौं त्यो कुन भावमा हजुरको आज्ञा हवस् त्यो अब
इच्छा यो छ मलाइ सुन्न बहुतै विस्तारमा यो सब ॥९॥

सारा आत्म विभूतिका सब कुरा व्याख्या हवस् केशव
तिर्खा लाग्छ मलाइ तृप्ति नहुँदा इच्छा जगाई सब
इच्छा अर्जुनको बुझेर भगवान् व्याख्यानमा लाग्नुभो
आफ्ना पार्थ अनन्त भक्त बुझि यो ज्यादै कृपा गर्नुभो ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरा मुख्य विभूति योगहरू ती संक्षेपमा भन्दछु
यस्को अन्त्य हुदैन संझ मनमा व्याख्यान जो गर्दछु
मै हूँ आदि र मध्य, अन्त्य भवको आत्मा म हूँ भूतको
सारा यो हृदयेश हूँ बुझ तिमी विस्तारमा सारको ॥११॥

हूँ आदित्य स्वरूप विष्णु भगवान् हूँ ज्योतिमा सूर्य नै
हावामा म मरीचि नै बुझ तिमी, नक्षत्रमा चन्द्र नै
त्यस्तै हूँ म त साम वेदहरूमा हूँ देवमा इन्द्र नै
सारा इन्द्रियमा म हूँ मन तथा हूँ भूतमा चेत नै ॥१२॥

मैं हूँ शंकर रुद्रमा, धनद हूँ सम्पूर्ण यक्षादिमा
मैं हूँ पावक रूप अष्ट वसुमा, ओंकार हूँ वाणिमा
पौरोहित्य समस्तमा गुरु म हूँ, हूँ सिन्धु नै तालमा
हूँ ऐरावत हात्तिमा, नृपति हूँ त्यो मानवी पक्षमा ॥१३॥

यज्ञैमा जप-यज्ञ हूँ, कपिल हुँ जो छन् सबै सिद्धमा
त्यो सेनापतिमा कुमार पनि हुँ, हूँ पिप्पलै वृक्षमा
त्यस्तै नै भृगु हूँ महर्षिहरुमा, उच्चैःश्रवा अश्वमा
हूँ उच्चस्थ हिमाल नै अचलमा, हूँ वज्र नै शस्त्रमा ॥१४॥

मै हूँ नारद देव मान्यहरुमा, उत्पत्तिमा काम हूँ
गाईमा पनि कामधेनु बुझ है, ती नागमा शेष हूँ
गन्धर्वैहरुमा म चित्ररथ हूँ, हूँ वासुकी सर्पमा
बोली हुक्कुममा म हूँ यम, तथा हूँ अर्यमा पितृमा ॥१५॥

यादीमा वरुणै म हूँ, गरुड हूँ सम्पूर्ण ती पक्षिमा
हूँ प्रल्हाद समस्त दैत्यहरुमा, हूँ वायु नै वेगमा
सारा ग्रासकमा म काल पनि हूँ, हूँ राम शस्त्रज्ञमा
माछ्रामा मकरै म हूँ, अझ भनौं हूँ जान्हवी घाटमा ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मै हूँ आदि र मध्य, अन्त्य गतिमा संपूर्ण यो सृष्टिमा
विद्यामा परब्रह्म हूँ बुझ तिमी अध्यात्मका दृष्टिमा
त्यस्तै वाद म हूँ विवादहरुमा, हर्ता म हूँ मृत्युमा
हूँ सामासिकमा म द्वन्द्व, सबमा धाता म हूँ विश्वमा ॥१७॥

हूँ वर्णाक्षरमा अकार पहिलो, गायत्री हूँ छन्दमा
ब्रह्मा हूँ म चतुर्मुमुखी बुझ तिमी, अक्षेय हूँ कालमा
जन्म स्थान विशेष हूँ जनममा उत्पत्तिका साथमा-
स्त्रीमा श्री धर्ति, कीर्ति वाक्पटु म हूँ, त्यस्तै क्षमाकारमा ॥१८॥

हूँ प्रख्यात म साममा पनि अझै ठूलो बृहत्साम हूँ
मैनामा पनि मार्ग हूँ, ऋतु लिँदा उच्चस्थ वासन्त हूँ
जूवामा कपटी, समस्त जति छन् तेजस्विमा तेज हूँ
त्यस्तै निश्चय सत्यवान् जय म हूँ, व्याख्यानमा व्यास हूँ ॥१९॥

पाँचै पाण्डवमा म अर्जुन, उता मैं वृष्णिमा कृष्ण हूँ
त्यस्तै नै उसना म हूँ कवि लिँदा दण्डार्थिको दण्ड हूँ
मै हूँ नीति जयार्थिको, अझ भनौं ज्ञानीबिषे ज्ञान हूँ
मै हूँ भौम समस्त गुप्तहरुमा, भूतादिको बीज हूँ ॥२०॥

यो सांसारिकका चराचर सबै उत्पत्तिको कारण
मै हूँ छैन मदेखि बाहिर कुनै मैं गर्छु संचालन
मेरो दिव्य विभूति अन्त्य कहिल्यै बन्दैन संसारमा
यो सारांश बयान जो जति गरें छाडेर सारांशमा ॥२१॥

जो हो कान्ति विभूति सत्त्व गुणमा देखिन्छ जो शक्तिमा
तेजस्वी गुण मैं भनेर बुझनू मानेर सद्भक्तिमा
यो हो तत्त्व यथार्थमा बुझ तिमी धेरै कुरा के किन ?
मैले ढाकिरहेछु विश्व सब यो, एकांशले अर्जुन ! ॥२२॥

विभूति योगको सारा भन्नुभो कृष्णले कुरा
शंकाको कुटुरो खोली दशौं अध्यायमा पुरा ॥२३॥

✸

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघारौं अध्याय

भन्छन् अर्जुनले झुकांइ शिर त्यो श्रीकृष्णका पाउमा
मेरा लागि अहो ! अनुग्रह भयो जो हो कुरा गोप्यमा
यो आध्यात्मिक ज्ञानले हटिगयो अज्ञानको बादल
सारा यो उपदेश सार्थक भयो पाएँ अनौठो फल ॥१॥

जो माहात्म्य अनन्त अक्षर सुनैं त्यो सत्यता ठान्दछु
जो हो ईश्वर रूप खास प्रभुको साँच्चै भलो हेर्दछु
इच्छा यो मनको पुऱ्याइदिनुहोस् हे भक्तका ईश्वर
देखौं त्यो यदि हेर्न सक्तछु भने लीला अनेकौं थर ॥२॥

इच्छा अर्जुनको बुझेर भगवान् आफ्ना सबै रूपको
देख्ने शक्ति र दिव्यदृष्टि दिनुभो तत्कालमा ज्ञानको
आज्ञाभो अब हेर अर्जुन तिमी सारा कुरा देख्दछौ
मेरा छन् अनगिन्ती रूप यसमा सम्पूर्ण त्यो हेर्दछौ ॥३॥

आदित्यादि र फेरि अष्टवसुको त्यस्तै मरुत् अश्विनी
छन् एकादश रुद्र साथ अहिले तिम्रा अगाडि पनि
मेरै देह विशेष एक जगमा देख्छौ अनेकौंथरि
सारा हेर ममा चराचर सबै छलङ्ग देख्नेगरी ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रा प्राकृत चक्षुले सब कुरा देख्तैन सम्झीलिएँ
मेरो यो झिकि दिव्यदृष्टि अहिले साँच्चै तिमीमा दिएँ
मेरो योग विभूति हेर सजिलै संसार देख्छौ सब
छर्लङ्ग सब देख्दछौ नजरले के भन्नुपर्ला अब ॥५॥

सारा यो धृतराष्ट्रमा सबकुरा भन्छन् उता संजय
अन्धा भक्त कठै ! सुनेर सब यो बुझ्छन् अझै आशय
गर्छन् संजय नै विशाल भवको जो देखियो दृष्टिले
हज्जारौं मुख नेत्र अद्भुत कुरा भन्छन् यथाशक्तिले ॥६॥

श्री दिव्याम्बर गन्ध-पुष्पहरुले अत्यन्त नै शोभित
हेर्दै सूर्य सहस्रझैं चहकिला देख्दै बने मोहित
सारा रूप अनेकबाट अहिले देखैं स्वयं कृष्णमा
छक्कै अर्जुन पर्दछन् बुझनुहोस् हेरीं विराट् रूपमा ॥७॥

भन्छन् श्रीधृतराष्ट्रमा सब कुरा प्यारा उता सञ्जय
त्यस्तै अर्जुन कृष्णमा खुसि हुँदै पोख्छन् यता आशय
देखैं रूप अनेक कृष्ण प्रभुको देखैं सबै देवता
लाखौंलाख अनन्त जीव जति छन् सक्तीन भन्नै म ता ॥८॥

ब्रह्मा, विष्णु, महेश्वरादि सब ती देखैं अनौठो गरी
देखैं कीट, पतंग, पक्षि अहिले लाखौं हजारौं थरि
आँखा, पेट र हात, कान जति छन् अङ्गादि जो छन् सब
देख्दैछू अनगिन्ति अद्भुत कुरा उस्तै छ त्यो वास्तव ॥९॥

छैनन् आदि र मध्य, अन्त्य प्रभुको देखिन्न त्यो भिन्नता
बल्दो अग्नि र सूर्यझैं चहकिलो ब्रह्माण्डमा एकता
तेजोराशि किरीट आदिहरुले सर्वत्र नै व्यापक
देखैं रूप अनेक विस्तृत कला भू-खण्डका नायक ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे विष्णो ! करुणानिधे ! हजुरको त्यस्तै गदाचक्रले
देख्छु रूप प्रकाशमान अहिले सर्वत्र गाम्भिर्यले
जो हो अक्षर ध्यान योग्य सबको हो ज्ञानको आश्रय
जाने शाश्वत धर्म रक्षक प्रभो ! हे कृष्ण ! हे निर्लय ! ॥११॥

सारा स्वर्ग र मर्त्य व्योम भरियो देख्छू दिशा व्यापक
देख्छू उग्र स्वरूप लोक तिनमा अत्यन्त नै त्रासक
पस्छन् देव गणादि आतुर हुँदै जो हो विराट् रूपमा
गर्छन् स्वस्ति र शान्ति आदि मुनिले पुष्पादिको साथमा ॥१२॥

रुद्रादित्य मरुत् र साध्य गण ती देखें प्रभो ! नाथमा
मेरा पूज्य पितामहादि पनि ता आकृष्ट छन् साथमा
गन्धर्वादि र यक्ष राक्षस धरी देख्छु जुटेका सब
हेर्छन् छक्क परेर नाथ प्रभुमा नौलो नयाँ वैभव ॥१३॥

आँखा, पउ र बाहु, जाँघ, मुख ती ज्यादै महारूपका
ठूलो पेट र दाँत छन् अति कडा त्यो देहका मूलका
सारा यो विकराल रूप जति छन् हेर्दै परें व्याकुल
यो संसार छ कम्पमान डरले देखिन्छ त्यो ढल्पल ॥१४॥

ढाक्यो त्यो गगनै विभिन्न थरको त्यो चम्किलो रूपले
त्यस्तै नै मुख, नेत्र व्याकुल भए आँखै टिप्यो तेजले
सारा रूप प्रकाशमान सब छन् आफैं बनें लर्बर
मेरो धैर्य र शान्ति खल्बल भयो हे नाथ ! हे ईश्वर ! ॥१५॥

हेर्दैमा विकराल दाँत सब ती देख्छू अगाडी जब
त्यो कालाग्नि समान देख्छु मुख त्यो होसै हरायो अब
सारा शून्य दिशाविहीन म भएँ आशा गयो शान्तिको
पाऊँ शान्ति जगन्निवास भगवान् ! इच्छा छ सन्तुष्टिको ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै दाँत विशाल काल मुखमा पस्छन् अनेकौं थरि
पस्छन् ती धृतराष्ट्र पुत्रहरु ती श्री भीष्म उस्तै गरी
त्यस्तै कर्ण र द्रोण आदिहरूको देख्छू सबै दुर्गति
हेर्दैमा सब किच्चिपची बनिसके पस्छन् अझै के कति ॥१७॥

हाम्रा सैन्यसमेत ती पसिसके दाह्रा निशाना गरी
पस्दैछन् अझ दाँतमा सलहझैं देखिन्छ टुक्रासरी
जस्तै बग्छ नदी प्रवाह गतिले जाला समुद्रैतिर
त्यस्तै वीर अशेष जान्छ मुखमा कालाग्नि दन्केतिर ॥१८॥

बत्तीमा पुतली पसेसरि गरी पस्छन् बडो वेगले
सारा लोक विनाशकारि मुखमा छिर्ला त्यसै तालले
मुस्लो अग्नि समान तेज मुखमा देखिन्छ संसार यो
सारा तेज प्रकाशमान छ जगत् पोल्ने भयो राप यो ॥१९॥

के हो ? त्यो कुन रूप हो हजुरको त्यो तत्त्व जानौं सब
मेरो उत्सुकता निवारण हवस् हे कृष्ण ! हे यादव !
इच्छा आदि स्वरूप बुझ्न गहिरो सोध्छन् कुरा अर्जुन
आज्ञा गर्नुभयो बुझेर प्रभुले यस्को अझै वर्णन ॥२०॥

सारा सृष्टि विनाशकारि गतिको साँच्चै यहाँ काल हूँ
आएँ लोक विनाश गर्न अहिले संहार कर्ता म हूँ
जो छन् यी प्रतिपक्षि मार्दछु म नै जाऊ तिमी तै पनि
तिम्रो कीर्ति निमित्त आग्रह गरें तिम्रै भलो होस् भनी ॥२१॥

यो हो कारण सम्झ झट्ट मनमा सत्कीर्ति बोकीकन
आऊ शस्त्र समाउ लड्न अहिले नेता लडाका बन
मैले मारिसकें समस्त पहिले जो छन् लडाका सब
मेरो साक्षि निमित्त मात्र बनिद्यौ मेरै अगाडी अब ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तैमा घटना भएजति सबै भन्छन् उता सञ्जय
सुन्छन् ती धृतराष्ट्र कम्पित हुँदै के हुन्छ यस्को तय
आयो अर्जुन-कृष्णको अरु कुरा त्यो युद्ध क्षेत्रैतिर
झुक्छन् भाव विभोर अर्जुन कठै ! आफ्नो झुकाई शिर ॥२४॥

अन्तर्यामि अनन्त पूज्य भगवान् ! सारा जगत्कारक !
गर्छन् कीर्तन लोक-हर्षित हुँदै आपत्तिका नाशक !
भाग्छन् राक्षस भीमकाय जति छन् सारा डराईकन
गर्छन् पूजन सिद्ध मान्य-गणले राखेर आफ्नो मन ॥२५॥

को पूज्दैन हजूरलाइ भगवन् ! हुन् आदिकर्ता भनी
हे उच्चस्थ जगन्निवास भगवन् ! संसारभन्दा पनि
हे देवेश ! अनन्त ब्रह्म सबका ब्रह्माण्डमा व्यापक
वेत्ता, वेद्य परत्र धाम गतिमा हे विश्वका पालक ! ॥२६॥

स्वामी अग्नि र वायु चन्द्रहरुका ब्रह्मा पिताका पिता
सारा लोक अनन्त वीर्य प्रभुको देखेँ चमत्कारिता
श्रद्धा पूर्वक झुक्छु विह्वल हुँदै गर्दै पुकारा अब
मैले मित्र स्वरूपमा जति भनेँ त्यो माफ पाऊँ सब ॥२७॥

पिठ्यूँ भाग र अग्रभाग अनि ती सर्वाङ्ग चारैतिर
झुक्दै गर्छु प्रणाम हे यदुपते ! त्यो गल्तिका खातिर
शय्या आसन भोजनादिहरुमा सन्मित्र ठानीकन
मेरा ती अपमान जो, जति भए गर्छु क्षमायाचना ॥२८॥

हे विश्वेश्वर ! लोकपालक पिता ! आराध्य संसारका
हे सारा गुरुका अझै गुरु प्रभो ! ब्रह्माण्डका तारका
छैनन् साम्य समान कोहि भवमा हेर्दा तिनै लोकमा
त्यो दिव्यात्म विभूतिबाट भरियो बुझ्दा सबै थोकमा ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा लोक पिता र पूज्य गुरुमा सर्वोच्च आचार्यमा
होलान् को ! प्रभुतुल्य योग्य अरु ती दाँजेर तादात्म्यमा
त्यस्ता पूज्य अनन्त प्राप्य प्रभुमा झुक्दै नमस्कार यो
गर्छु गल्ति क्षमा रहोस् यदुपते ! मेरो पुकारा छ यो ॥३०॥

छोरो झुक्छ पिता भनेर जसरी उस्तै गरी साथिले
झुक्ला साथि भनेर प्रेमरसले स्वामी भनी पत्निले
जो जस्को जुन भावना छ मनमा राख्ने कृपा-पात्रमा
त्यो संतुष्टि निमित्त झुक्छु भगवान् ! पस्रेर माग्छू क्षमा ॥३१॥

देखें जो छ अदृष्ट रूप अहिले झस्कें डराईकन
जो हो शान्त प्रसन्न रूप अघिको पाऊँ प्रभो ! दर्शन
चारै बाहु सजाइ बक्सनुहवस् त्यै शंख चक्रादिले
गर्छु पूजन दर्शनादि भगवन् ! सत्प्रेम सद्भक्तिले ॥३२॥

इच्छा अर्जुनको बुझेर भगवान् हाँसेर तत्कालमा
आज्ञा गर्नुभयो अनन्त महिमा देख्यौ विराट्-रूपमा
त्यो सक्तैन अवश्य देख्न अरुले मेरा तिमी भक्त छौ
मेरो योग अनन्त शक्ति जति छन् हेरेर विश्वस्त छौ ॥३३॥

वेद, ज्ञान र ध्यान, यज्ञ अथवा त्यस्तै तपस्या गरी
यो देखिन्न विराट् स्वरूप यसरी संसार सारा भरी
छैनन् जान तिमीसिवाय अरु ता देख्दैन मेरो कला
हेर्‍यौ विश्व-स्वरूप आज यसरी साँच्चै तिमी छौ भला ॥३४॥

मेरो उग्र स्वरूपबाट अहिले सारा हटाऊ डर
त्यस्तै मूढ तिमी नबन्नु यसमा माया धपाऊ पर
मेरो भक्ति र भावना लिइ यहाँ आऊ अगाडी अब
देख्छौ दिव्य स्वरूप जो छ मनमा छर्लङ्ग देख्छौ सब ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता बात निकालि अर्जुनतिरै हेरेर श्रीकृष्णले
आफ्नो सौम्य स्वरूप दर्शन दिँदै आज्ञाभयो प्रेमले
आज्ञामाफिक पार्थले खुसि हुँदै पाए यता दर्शन
देख्छन् संजयले भए जति सबै गर्छन् उता वर्णन ॥३६॥

गर्छन् बिन्ति झुकेर अर्जुन अझै श्रीकृष्णमा प्रार्थना
पाएँ मानव-रूप शान्त प्रभुको मेरो पुग्यो चाहना
आएँ शान्त स्वभावमा अब प्रभो ! जस्तो थिएँ त्यै भएँ
भक्तैमाथि कृपा भयो हजुरको निश्चिन्ततामा गएँ ॥३७॥

आज्ञाभो अब कृष्णले खुसि हुँदै देख्यौ मलाई अब
मेरा तत्त्व विभूति रूप जति छन् छर्लङ्ग पारैं सब
गर्छन् ती सब देवतादिहरुले यै रूपको चाहना
मेरा भक्त तिमी सिवाय अरुले देख्दैन यो साधना ॥३८॥

यस्तो देख्न र जान्न गाउँन धरी ज्यादै असम्भाव्य यो
देख्यौ अर्जुन ! भक्तिको प्रणयले संपूर्ण ब्रह्माण्ड यो
मेरो जो छ अनन्य भक्त उसले यस्तै गरी देख्दछ
मैं देखिन्छु नजीक भक्तहरुको मैं देख्न त्यो सक्तछ ॥३९॥

मैंमा कर्म सबै समर्पित गरी मेरो सदा भक्त छ
जो आसक्तिबिना सबै विषयको निर्वासना व्यस्त छ
जो निर्वैरि छ प्राणि जाति सबमा मेरो लिँदै आश्रय
त्यो मैंमा मिलिजान्छ अर्जुन बुझ्यौ ! मेरो छ यो आशय ॥४०॥

यो विश्वरूप सब दर्शनदेखि छक्क
पर्छन् अचम्म अझ अर्जुन हेरि पक्क
श्रीकृष्णले खुसि हुँदै यसको प्रयोग
थाल्नूभयो अब सुनाउन भक्तियोग ॥४१॥

*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाह्रौं अध्याय

सोधे अर्जुनले यसै समयमा त्यो भक्तिको योगमा
व्यक्ताव्यक्त दुवै छ भक्त दुइमा मानिन्छ को ? श्रेष्ठमा
आज्ञाभो अब कृष्णले खुसि हुँदै मुस्कानका साथमा
जो आसक्त ममा छ त्यो असल हो त्यै भक्त हो श्रेष्ठमा ॥१॥

मैंमा चित्तलगाइ स्वच्छ मनले जो हुन्छ एकाग्रता
मेरै ज्ञान र ध्यान कीर्तन गरी जो बन्छ संलग्नता
मेरो सद्गुणमा निरन्तर रही यो भक्तिको योगमा
जो मेरै शरणार्थि बन्दछ ममा त्यै भक्त हो श्रेष्ठमा ॥२॥

अव्यक्ताक्षर सर्वव्यापि पनि छन् रोकी सबै इन्द्रिय
भज्छन् निश्चल भावना लिइ ममा मेरो लिँदै आश्रय
साराको हितमा समर्पक बनी लाग्लान् सदा भक्तिमा
मिल्छन् आखिर ती म मा बुझ तिमी मेरो महाशक्तिमा ॥३॥

देहीको अति कष्टदायक भयो अव्यक्तको मार्ग यो
साँच्चै यो बुझ कष्टदायक अझै दुष्प्राप्य मानिन्छ यो
सारा कर्म ममा समर्पण गरी संलग्न भै ध्यानमा
लाग्ने योग अनन्य संझ मनमा त्यै योग हो श्रेष्ठमा ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तालाई विशाल मृत्यु डरको तारेर त्यो सागर
टचाप्पै टिप्छु म ता ममा यदि भए सारा भगाई डर
मैंमा बुद्धि विवेक राख मनमा बस्छौ तिमी नै ममा
यो संदेह अवश्य छैन बुझ यो यो भक्तिको योगमा ॥ ५॥

सक्तैनौ यदि चित्त थाम्न सजिलै मेरो सदा ध्यानमा
सूक्ष्माभ्यास गरेर जाउ क्रमले पुग्छौ यथास्थानमा
अभ्यासै पनि गर्न शक्ति नभए मेरै क्रिया कर्ममा
लाग्नू सिद्धि अवश्य मिल्छ बुझ यो हे पार्थ ! पुग्छौ ममा ॥६॥

त्यस्तो कर्म, क्रियासमेत नभए मेरो समायोगमा
सारा कर्म फलादि त्यागि बन लौ सर्वश्व ठानी ममा
यै अभ्यास र ज्ञान ध्यान फलको त्यागी यिनै चारमा
छन् श्रेष्ठोत्तर भक्ति-योग बुझ यो पुग्छौ सदा शान्तिमा ॥७॥

कस्तो लक्षण हुन्छ भक्तहरुको त्यस्को अझै वर्णन
गर्छू त्यो पनि याद राख अहिले हे भक्त ! हे अर्जुन !
इर्ष्या द्वेष विहीन बन्छ मनमा ज्यादै दया मित्रता
राख्ला त्यो सम भाव दुःख सुखमा छोड्ला अहंकारता ॥८॥

होला निर्ममता क्षमा अनि दया सन्तोष नित्यात्मता
त्यस्तै संयमता रहन्छ दृढता राखेर तादात्म्यता
आफ्नो त्यो मन बुद्धि राख्दछ ममा निर्बाध यो लोकमा
त्यो हर्षादि र शोक साथ भयले छोप्दैन त्यो भक्तमा ॥९॥

त्यस्तै त्यो अविकारि भित्र दिलको बन्ला उदासीनको
सच्चा बन्छ पवित्र कर्मफलको त्यागी तथा दक्षको
त्यो गर्दैन घृणा र द्वेष अरुको हाँस्दैन त्यो हर्षमा
वास्ता छैन कुनै शुभाशुभ दुवै एकै हुनन् भक्तमा ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै शीत र उष्ण हुन्छ समता वैरी तथा मित्रमा
मर्यादा अपमानमा पनि दुवै देखिन्न त्यो भिन्नमा
निन्दा वा स्तुतिमा समान रहने मौनी तपस्वी धरी
वासस्थान विरागि स्थायि-मतिका हुन् भक्त सर्वोपरि ॥११॥

यो योग्यामृत वाणि धर्म भयको निष्कामना भावले
लेला तत्पर भै परायण बनी श्रद्धा तथा प्रेमले
यो धर्मामृतको समाश्रय लिई जस्ले गर्‍यो सेवन
त्यो श्रद्धालु अतीव भक्त छ ममा यो संभ्क है अर्जुन ! ॥१२॥

सुने अर्जुनले सारा रहस्य भक्ति योगको
क्षेत्र-क्षेत्रज्ञको व्याख्या खुल्ने छन् अब कृष्णको ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेह्रौं अध्याय

सोध्छन् अर्जुन भेद के छ दुइमा त्यो क्षेत्र-क्षेत्रज्ञको ?
त्यस्तै ज्ञान र ज्ञेय वस्तु कुन हो ज्ञाता यहाँ बन्छ को ?
आज्ञाभो अब कृष्णले बुझि कुरा सारांशमा यत्ति हो
मानौं क्षेत्र शरीर हो सब कुरा बुझ्ने उ क्षेत्रज्ञ हो ॥१॥

यो संसार छ देह रूप उसको बुझ्ने म क्षेत्रज्ञ हूँ
हो मेरै बुझ ज्ञान खास दुइ यो तात्पर्य यस्को म हूँ
ज्ञाता हूँ, अनि ज्ञान योग्य पनि हूँ त्यस्तै यता ज्ञेय हूँ
ज्ञानी प्राकृत वस्तु सार दुइको छुटचाउने यन्त्र हूँ ॥२॥

बावू ? अर्जुन ब्रह्म सूत्र अथवा के भन्छ त्यो वेदले
व्याख्या यो अझ गर्छु सम्झ अहिले विस्तारको सारले
सारा यो मुनिले भनेजति कुरा त्यो वेदमा व्यक्त छ
त्यस्तै नै सब ब्रह्म-सूत्र विधिमा उस्तै उपाख्यान छ ॥३॥

पञ्चै भूत र वुद्धि औ प्रकृतिको त्यस्तै अहंकारले
एघारै सब इन्द्रियादि पनि छन् यै पञ्च दृष्टान्तले
इच्छा द्वेष र धैर्य दुःख-सुखमा संघात जस्ता सब
जम्मा गर्छ शरीर-क्षेत्र यहि हो संझेर लेऊ अब ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो यो देहछ क्षेत्र-रूप यसमा हुन्छन् विकारी गुण
त्यस्ता दुर्गुणलाई फाल्न तपमा लाग्छन् तपस्वीजन
यस्ता दुर्गुणको दुराशय भए उब्जन्छ दुर्भावना
त्यस्तै सज्जनता सदाशय लिए फैलन्छ सद्भावना ॥५॥

के हो ? ज्ञान म भन्छु लक्षण तिमी संझेर बस्नू अब
ज्ञानीमा ऋजुता, क्षमा, सरलता होला अहिंसा सब
त्यस्तै धैर्य पवित्रता अनि उता होला मनोनिग्रह
वैरीमा पनि मिल्छ निश्चल बनी गर्दैन त्यो विग्रह ॥६॥

देख्ला जन्म र मृत्यु एक समता त्यस्तै जरा व्याधिमा
होला दोष र दुःखको सहनता संकष्टको आधिमा
स्त्री पुत्रादि समस्त स्नेहहरुमा बन्दैन त्यो लुट्पुट
इष्टानिष्ट समान देख्छ उसले उस्का हुँदैनन् गुट ॥७॥

एकान्ती व्रतधारि निश्चल बनी लाग्ला सदा भक्तिमा
बस्ला त्यो हुलमा अलग्ग दिनहूँ ज्ञानाग्निको शक्तिमा
यो अध्यात्म क्रिया रहन्छ उसमा त्यो लाग्छ तत्त्वार्थमा
यो हो ज्ञान यथार्थ मान अरु ता निस्कन्छ अज्ञानमा ॥८॥

जान्नालाइ अतीव योग्य जुन हो त्यो नै यहाँ ज्ञेय हो
यो जानेर बनिन्छ मुक्ति सहजै गर्ने क्रिया कर्म हो
जो हो खास अनादि ब्रह्म-पद हो उच्चस्थमा हुन्छ यो
सत्यासत्य दुवै हुँदैन यसमा ज्योति प्रभा पुन्ज यो ॥९॥

गोडा, हात र नेत्र, कान, मुख यी ताकेर बस्छन् शिर
यस्ले ढाक्छ समस्तमा जगत नै त्यो बस्छ चारैतिर
सारा इन्द्रिय भाव बुझ्छ यसले बन्दैन आसक्त यो
भोग्ला भोग तथापि निर्गुण बनी निश्चिन्त भै बस्छ यो ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै नै परमात्म-तत्त्व उसमा बत्तीसरी बल्दछ
होला वाहिर-भित्र पूर्ण सबमा संसार त्यो देख्दछ
त्यस्तै दूर नजीक देख्छ उसले दिव्यात्मको दृष्टिले
ज्ञानात्मा अति सूक्ष्म हुन्छ सहसा देखिन्न सामान्यले ॥११॥

सच्चा त्यो परमात्म-तत्त्व जुन हो देखिन्छ बाहुल्य झैं
यौटै सृष्टि विनाश पालन गरी एकत्वमा भिन्नझैं
ब्रह्म-ज्योति छ ज्योतिबाट पर नै माया हटाईकन
त्यस्तो बोध स्वरूप ज्ञेय बुझनू त्यै तत्त्व-ज्ञाता बन ॥१२॥

क्षेत्र-ज्ञान र ज्ञेय वस्तु सबको सारांश मा वर्णन
सुन्यौ अर्जुन तत्त्व-ज्ञान अहिले त्यस्तै गराऊ मन
माया यो त्रिगुणात्मिका बुझ तिमी जीवात्म-क्षेत्रज्ञको
हो उत्पत्ति अनादिमा प्रकृतिको ती हुन् दुबै साथको ॥१३॥

यो चाञ्चल्य क्रिया हुँदा प्रकृतिको देखिन्छ त्यो कारण
भोग्दा दुःख-सुखादिमा पुरुषले गर्ला यता धारण
सारा त्यो गुण जान्छ यो प्रकृतिमा हुन् पौरुषेयी कुरा
सत्या-सत्य रहन्छ फेरि गुणमा तत्संगबाटै पुरा ॥१४॥

देख्ने, वृद्धि हुने र भोग गरिने यो देहमा छन् सब
यीभन्दा परमात्म-तत्त्व पर छन् सम्झेर लेऊ अब
जानिन्छन् प्रकृति स्वरूप गहिरो त्यस्तै उता पौरुष
यस्तो ज्ञान विकासबाट बुझ है जन्मन्त भै मानिस ॥१५॥

आत्मालाई सदा कुनै नजिकमा देख्छन् बडो ध्यानले
कोही सांख्य विभूति योगहरूले देख्छन् कुनै कर्मले
यी बाहेक सुनेर ज्ञान अरूको गर्छन् सदा कीर्तन
हाम्रो यो श्रुतिबाट सक्तछ अझै त्यो मृत्युमा तैरिन ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो छन् स्थावर जंगमादिहरुको उत्पत्ति निष्कर्षण
हो क्षेत्रज्ञ र क्षेत्र खास दुइको संयोगको कारण
सारामा समभाव हुन्छ उसको नासिन्न त्यो नासिँदा
देख्ला त्यो परमात्म-तत्त्व उहि हो त्यै तत्त्व हो संझिदा ॥१७॥

जस्ले ईश्वर मान्छ एक सवमा आत्मा स्वयं देख्दछ
आत्मा घात कदापि हुन्न उसको ब्रह्मत्वमा पुग्दछ
आत्मज्ञान तथा उता प्रकृतिको अस्तित्व जो जान्दछ
त्यस्ताको वुझ ब्रह्म-प्राप्ति हुनगो सद्योगमा आउँछ ॥१८॥

सारा कर्म गरिन्छ जो प्रकृतिले जस्ले कुरा बुझ्दछ
आत्मा हुन्छ अकर्म कारक भनी त्यो प्रष्ट नै देख्दछ
देख्दा भूत अनेक एक उसले छर्लङ्ग बुझ्ला कुरा
मिल्ला ब्रह्म स्वयं निरञ्जन बनी ब्रह्मज्ञ बन्ला पुरा ॥१९॥

आत्मामा परमात्म-तत्त्व रहँदा बस्ला सदा देहमा
यो मानिन्छ अनादि निर्गुणधरी सर्वोच्च हो ध्येयमा
यो देहस्थ छ कर्म तर्क उसको देखिन्न संलग्नता
आत्मा कारक छैन अर्जुन तिमी संझीरहू भिन्नता ॥२०॥

जस्तै सूक्ष्म तथा अलिप्त रहँदा आकाशझैं व्यापक
आत्मा देहबिसे तेटस्थ रहला बन्दैन त्यो कारक
जस्तै सूर्य छ एक विश्व भरमा बस्ला उज्यालो गरी
त्यस्तै क्षेत्र र क्षेत्रि उज्ज्वल हुनन् त्यो आत्म-ज्वाला भरी ॥२१॥

बताएँ मैले यो प्रकृति विकृति ज्ञान महिमा
भनैं क्षेत्र-क्षेत्री विधि सहित क्षेत्रज्ञ गरिमा
हुनन् ज्ञानी ध्यानी हृदय पटमा देख्न सब यो
तिमी ब्रह्म-ज्ञानी बनि टिप यहाँ ब्रह्म फल यो ॥२२॥

क्षेत्र-क्षेत्रज्ञको वार्ता सकियो यसमा सब
गुण-त्रय-विभागादि सुन अर्जुन लौ अब ॥२३॥

✷

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौधौं अध्याय

आज्ञाभो अब कृष्णले खुसि हुदै त्रैगुण्यको योग यो
सुन्छन् अर्जुन भक्ति साथ महिमा सम्वाद चल्दै गयो
सारा ज्ञान विशेष उत्तम कुरा आज्ञाभयो कृष्णले
पाए मोक्ष र सिद्धि पूर्व मुनिले अध्यात्म-विज्ञानले ॥१॥

बाबू ! अर्जुन ज्ञान आश्रय गरी मेरो समाराधना
गर्नाले बुझ मुक्ति हुन्छ सहजै मैंमा रहोस् भावना
त्यस्तै जन्म र मृत्युको डर गयो फस्दैन संसारमा
मेरो यो त्रिगुणात्मिका सब क्रिया मैं भन्छु विस्तारमा ॥२॥

नाना मूर्ति शरीर बन्छ भवमा माया दिने बीज हूँ
त्यस्को धारक ब्रह्म-योनि पनि हूँ माता-पिता नै म हूँ
त्यस्तै सत्त्व-रजो-तमो गुण-धरी बाँध्ने म हूँ बन्धक
देहीलाइ चलाउने रथ म हूँ यो विश्व-संचालक ॥३॥

त्यस्मा सत्त्व गुणै भयो प्रथमता ज्यादै प्रकाशात्मक
यस्ले बाँध्छ अहंपना हृदयमा हो शान्तिको दायक
तृष्णा, राग लिने रजो गुण भयो आसक्तिका कर्मले
बाँध्ला त्यो फल भोगी लम्पट हुँदै तृष्णार्तको वेगले ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो अज्ञान र अन्धकार तमले देहाभिमानी बनी
बाँच्ला त्यो तममा तमोगुण भए बाँध्ला उसैले भनी
व्याख्या गर्नुभयो तिनै गुण यहाँ श्रीकृष्णले साथमा
झुक्छन् अर्जुन भाव विह्वल हुँदै सद्भक्तिले नाथमा ॥५॥

आज्ञाभो यदि सत्त्वग्राहि छ भने शान्ति, क्षमा पाउँछ
त्यस्तै धार्मिकमा रजोगुण भए कर्मिष्ठमा आउँछ
त्यो उदण्ड बन्यो तमोगुण हुँदा ढाक्ला सदा बुद्धिमा
आफ्नै काम समानका गुण हुनन् त्यस्तै दिनन् शक्तिमा ॥६॥

जित्ला सत्त्व, रजो-तमोगुण दुबै त्यस्तै तमोले दुबै
त्यस्तै नै दुइ जित्छ फेरि रजले जस्तो छ त्यस्तै सबै
आ-आफ्ना गुणका प्रवाहक भए के भन्नुपर्ला अब !
यी सारा गुणको प्रभाव जति हुन् सम्झी रहू यो सब ॥७॥

देहीले अब बुझ्नु सत्त्व गुण हो ज्यादै प्रकाशात्मक
यो अन्तस्करणै सफा गरिदिने सच्चेतना-मूलक
त्यस्तै नै बुझ त्यो रजो गुण भए लाग्दा सदा कर्ममा
इच्छा मोह र भोग, लोभ, रतिमा आस्था लिँदै धर्ममा ॥८॥

देहीमा यदि त्यो तमोगुण भए अज्ञानले ढाक्दछ
कालो बादल पस्छ भित्र मनमा दुश्चित्तमा लाग्दछ
त्यो आचार-विहीन बन्छ गुणमा ढाक्ला अहंकारले
गर्ला दानव-वृत्ति मात्र उसले बाँच्ला यही तालले ॥९॥

जान्छन् स्वर्ग अवश्य सत्व-गुणका जो हुन्छ त्यो मृत्युमा
दिव्यालोक प्रकाश-दायक बनी जस्तो थियो अन्त्यमा
कर्मासक्त भए रजोगुण भयो यो मर्त्य संसारमा
भोग्छन् भोग र दुःख कष्ट पनि ती जस्तो थियो साथमा ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुत्तिन्छन् तममा तमोगुण हुने जो मृत्यु बन्दा थिए
वन्छन् कीट-पतंग आदि ननिका त्यो जन्म आफैँ लिए
जो जस्ले जति जे गऱ्यो उहि कुरा त्यो मृत्युमा पाउँछ
यी सारा गुणका प्रवाहक भए भन्ने कुरा आउँछ ॥११॥

लाग्ला सात्त्विक कर्मबाट असलै निष्कामना धर्ममा
पर्ला राजसि-कर्म-कारक सदा त्यै वासना दुःखमा
त्योभन्दा पट-मूर्ख तामसि भए भास्सिन्छ अज्ञानमा
प्रष्ट्याएँ गुणको प्रभाव फल यो सारांश संक्षेपमा ॥१२॥

उब्जन्छन् सब ज्ञान सत्त्व-गुणमा उब्जन्छ निर्वासना
उब्जेला यदि राजसी गुण भए त्यो लोभको कामना
त्यो अज्ञान र मोह उठ्छ तममा हो नीचको भावना
अन्तर्द्वन्द्व सबै निरोपण गरी आफैँ गरोस् साधना ॥१३॥

उच्चस्थै रहलान् ससत्त्व गुणका मध्यस्थमा राजसी
गिर्लान् नीच बनेर कर्म गतिले झर्छन् तलै तामसी
जो हुन् यी त्रिगुणात्मिका मति सबै त्योदेखि माथि जब
देख्ला त्यो परतत्त्व ब्रह्म जसले मिल्ला ममा वास्तव ॥१४

देहीले सब देह निम्ति गुण यी राख्ला अझै दूरमा
त्यो बन्नेछ अवश्य मुक्ति बुझ यो पुग्ला गुणातीतमा
कस्ता हुन् गुणका अतीत भनिने सोध्छन् कुरा अर्जुन
आज्ञाहोस् गुणबाट पार भइने यस्को सुनौँ वर्णन ॥१५॥

व्याख्या यो पनि गर्नुहुन्छ अहिले श्रीकृष्णले साथमा
सुन्छन् अर्जुन भक्तिपूर्वक यहाँ झुक्छन् अझै नाथमा
त्यो बन्दैन अतीव हर्षित यहाँ फस्दैन त्यो लोभमा
त्यस्को मोह हुँदैन सौम्य रहला सच्चा गुणातीतमा ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् प्रावृत्त-निवृत्त मार्ग दुइ नै देख्ला अगाडी जब
त्यो ठान्दैन दुवै प्रिया-प्रिय कुनै आस्था अनास्था अब
साक्षीरूप सदा तटस्थ रहला साँच्चै उदासीन त्यो
होला त्यो परमात्म-तत्त्व उसमा भन्नू गुणातीत त्यो ॥१७॥

ठान्ला त्यो सुख-दुःखमा सम दुवै पत्ता तथा नोटमा
निन्दा वा स्तुतिमा समान रहला मानापमानादिमा
भिन्नाभिन्न दुवै समान रहला एकात्मता भावमा
त्यस्ता धीर स्वभावका बुझ तिमी पर्छन् गुणातीतमा ॥१८॥

जस्ले कीर्तन वा सदा भजनले मेरै कथा गाउँछ
त्यो मिल्नेछ य मा तिनै गुण जिती त्यो ब्रह्ममा आउँछ
मै हूँ स्थान र धर्म ब्रह्म-पदको सर्वत्र नै व्यापक
मिल्ला त्यो परमात्म तत्त्व छ ममा मै हूँ जगत्कारक ॥१९॥

योगको सकियो हाम्रो गुणत्रय विभागको
थालियो महिमा अर्को पुरुषोत्तम योगको ॥२०॥

✸

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ध्रौं अध्याय

अब कृष्ण मुसुक्क हाँस्नुभो
अनि अर्कैतिर हेर्नलाग्नुभो
पुरुषोत्तम योगका कुरा
अब चल्छन् जति छन् सबै पुरा ॥१॥

यो संसार विशाल वृक्ष सरिको देखिन्छ चारैतिर
ब्रह्मा मूल उभो भए अनि यता हाँगा, जरा मास्तिर
साँच्चै पीप्पल वृक्ष-रूप धरती हेर्दा सबै ढाकियो
त्यस्तै सृष्टि विशाल फैलिन गयो भन्ने कुरा मानियो ॥२॥

पत्ता वेद भए यसैगरि उता हाँगाबिगा फैलिए
यी बढ्छन् गुणका सबै विषय ती त्यै पालुवाझैं भए
यी अश्वत्थ-रहस्य बुझ्छ जसले त्यस्ले बुझ्यो वेद यो
अन्तर्बाह्य दुवै वुझाउन यहाँ उद्गार यस्तो भयो ॥३॥

कर्मै नाम सरी जराहरू बसे गड्छन् यसै ठाउँमा
बस्छन् देव, मनुष्य आदि सब ती शाखा तिनै लोकमा
यस्तो मानव जातिमा कसिदिने साङ्लासरी वासना
फैलन्छन् तलमाथि नै बुझ तिमी छाडीदिए साधना ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो पीपल वृक्षरूप भवमा अल्भिन्छ अज्ञानले
छैनन् आदि र मध्य, अन्त्य पनि ता ढाक्ला अंहकारले
यस्को शस्त्र समान शास्त्रहरूले काट्नू जरा यो सब
भेटिन्छन् परमात्म-तत्त्व जुन हुन् मिल्ला उनैमा अब ॥५॥

यो चुम्बात्मक वासनाहरु सबै तोडेर जावस् पर
काटोस् फेरि असंग शस्त्रहरु ली सत्संग खोजोस् तर
माया, मोह सबै हटाइ मनमा अध्यात्म नारायण
भेट्ला जानुपर्‍यो सदा शरणमा श्रद्धेय पारायण ॥६॥

पुग्ला त्यो अविनाशि ब्रह्मपदमा आसक्ति त्यागला जब
त्यागला दुःख तथा समस्त सुख ती निष्कामनामा सब
साँच्चै त्यो छ प्रकाशमान अति नै सूर्यादिभन्दा पनि
जस्मा जन्मनु-मर्नु छैन बुझ यो त्यो धाम मेरो भनी ॥७॥

मेरो अंश रहन्छ देहिहरुमा जीवात्म भन्ने म हूँ
मायाको त्रिगुणात्मिका सब क्रिया निर्दिष्ट कर्ता म हूँ
सारा इन्द्रिय आदि तत्त्वहरुको मैं बन्छु संचालक
देहीले जब देह छोड्छ अनि ती हूँ तत्त्वको वाहक ॥८॥

जस्तै गन्ध लिएर वायु जसरी लैजान्छ अर्कैतिर
त्यस्तै जीव लिएर जीव पनि ता जाला नमानी पिर
आँखा-कान-त्वचादि बोकि मनले गर्ला मनोरञ्जन
जीवात्मा जब जान्छ त्यो पनि गयो पर्ला सदा संझन ॥९॥

देहीमा सब तत्त्व छन् क्षणिक ती बस्छन् र जान्छन् भनी
त्यो देख्दैन कदापि मूढ सजिलै गर्दैन यत्नै पनि
मन्दात्मा अझ मूढ पामर भयो के देख्छ उस्ले अब
आफैंमा सब देख्छ योगि-जनले आत्मज्ञ बन्दा सब ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरै तेज-स्वरूप तेज सब छन् ती सूर्य-चन्द्रादिमा
पृथ्वीमा बसि भूत धारण गरी मैं बस्छु अन्नादिमा
मैं वैश्वानर अग्नि बन्छु सहजै चारैथरी अन्न ती
प्राणा-पान-समान वायु सरि भै पाकक्रिया गर्छु ती ॥११॥

सारा पुष्ट रसादि औषधि दिने त्यस्तो म ता सोम हूँ
त्यस्तै नै स्मृति, वोध, नाश रहने साँच्चै हृदाकाश हूँ
सारा वेद र वेद्य कारक तथा वेदान्त-वेदज्ञ हूँ
यो वेदान्त समस्त कारकधरी श्रद्धेय कर्ता म हूँ ॥१२॥

त्यस्तै छन् दुइ पौरुषेय जनती स्थायी र अस्थायिमा
जीवात्मा अविनाशि बन्छ तन यो नाशिन्छ तत्कालमा
यीभन्दा परमात्म-तत्त्व जुन छन् ती छन् परम्धाममा
मैं हूँ त्यो पुरुषोत्तमाख्य भनिने यो लोकमा, वेदमा ॥१३॥

जस्ले मलाइ पुरुषोत्तम मानिलिन्छ
सर्वज्ञ ज्ञानिजन मैंतिर ध्यान दिन्छ
यो गोप्य तत्त्व बुझि मैंसित आइमिल्छ
बाँकी रहन्न अब बुझ्न कृतार्थ हुन्छ ॥१४॥

पुरुषोत्तम यो योग सुनाएँ बुझ अर्जुन
दैवासुर दुबै भन्छु संपत्ति योगमा पुनः ॥१५॥

✸

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोह्रौं अध्याय

छन् दैवासुर सम्पती दुइथरी हुन्छन् सदा भोगमा
यस्को भाग-विभाग वर्णन गरी भन्छू सबै योगमा
होला छब्बिस खालका गुण हुने त्यो सात्त्विकी सम्पती
त्यो सम्पत्ति अतीव उत्तम हुनन् मैंले बताए जति ॥१॥

सच्चा सात्त्विक वृत्ति हुन्छ ऋजुता त्यस्तै नडर्नू पनि
होला ज्ञान विशेष योग उसमा अक्रोध त्यागी बनी
हिंसा छैन, अलोभ, लाज, मृदुता, शान्ति, क्षमा, धैर्यता,
त्यस्तै शौच, अमानिता, पठनता होला अपैशुन्यता ॥२॥

अद्रोहित्व, अचञ्चले, दम तथा दाता, तपो यज्ञमा
सत्यार्थी, सदया र तेज रहलान् दैवीय संपत्तिमा
यो संपत्ति रहन्छ देवगुणमा मैले बताएँ सब
भन्छू आसुरि सम्पती पनि यहाँ जो छन् अगाडी अब ॥३॥

अज्ञानी, ममता र शेखि, छल यी आक्रोश वा निष्ठुरी
देखिन्छन् अति छुद्र पामर कुरा संपत्तिमा आसुरी
दैवी-मोक्ष-निमित्त योग्य छ सदा, बाधा उता आसुरी
तिम्रो दैविगुणै छ जान्दछु म ता के सोच्नु अर्कोथरि ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दैवी, आसुरि भावमा दुइथरी भूतादिको सृष्टिमा
मानिन्छन् सब दैविभाव गुणको व्याख्या गरे साथमा
त्यस्तै आसुरि भावको पनि कुरा भन्दै छु सारा सुन
त्यो हो दानव खालको बुझ तिमी त्यो लिन्छ आफ्नै धुन ॥५॥

त्यो बुझ्दैन प्रवृत्ति-मार्ग कुन हो कर्तव्य के हो ? भनी
त्यस्तै हुन्न निवृत्ति-मार्ग उसको जस्तै बुझाए पनि
शौचाचार र सत्य-भाषण दिने ठान्ला सदा शत्रु हुन्
ठान्ला ईश्वर छैन, स्त्री-पुरुष यी कामार्थका हेतु हुन् ॥६॥

नष्टात्मा अति छुद्र बुद्धि लिइ त्यो बन्नेछ ध्वंसात्मक
लाग्ला उग्र अनर्थ कर्मतिरमा होला जगन्नाशक
कामासक्त र दम्भ, मान, मदमा आशा लिई लम्पट
होला मूढ असत् प्रवृत्ति तहमा दुष्कर्म-कर्ता हट ॥७॥

चिन्ता, भोग सिवाय जीवनभरी संझन्न अर्कोकुरा
आशा-पाश-निवद्ध त्यो भुमरिमा बाँधिन्छ हेर्दा पुरा
चेष्टा भोग र कामनार्थ रहलान् अन्यायका सम्पति
जोड्ला जोड्न रुचाउला बुझ तिमी राख्दैन राम्रो मति ॥८॥

यो पाएँ, अब भोलि पाउँछु भनी पर्सि अझै पाउँला
मारें यो,यसलाई मार्छु, उसको वैरी सबै मार्सुंला
मै हूँ त्यो धनवान, ठालु घरको छोरा र नाती सब
ठान्ला ईश्वर नै म हूँ, अझ यहाँ को टिक्न सक्ला अब ! ॥९॥

मैंमत्ता बनि दान यज्ञहरुमा मैं हूँ बडो ठान्दछ
अज्ञानी पटमूर्ख बन्छ दिनहूँ दुर्भावना जाग्दछ
भोगासक्त र मोह विभ्रम हुँदा फस्ला सदा जालमा
बन्ला त्यो अपवित्र दुर्मति हुँदा गिर्ला निचो तालमा ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मग्लानि, घमन्डि, मत्त धनमा पाखण्डिको तालले
गर्ला यज्ञ विधान बर्जित सबै आडम्बरी भावले
काम-क्रोध अहं स्वभाव अति नै निन्दा सबैको गरी
अन्तर्यामि मलाइ नै न गनि त्यो ठान्नेछ सर्वोपरि ॥११॥

त्यस्ता क्रूर, अशुद्ध, पामर सबै त्यो आसुरी योनिमा
बारम्बार म फ्याँक्छु नीच रहलान् होलान् पुनर्जातिमा
जन्मन्छन् अनि मर्दछन् अगति भै, त्यै आसुरी भावमा
मेरो प्राप्ति हुदैन पुण्य नहुँदा डुब्छन् सदा कालमा ॥१२॥

काम, क्रोध र लोभ हुन् नरकका ढोका बुझौँ तीनले
गर्छन् नाश अवश्य आत्म-गतिमा मर्लान् बडो हीनले
ढोका यी सब अन्धकार तमको त्यागदा महापुण्य छ
यस्ले श्रेय अवश्य पाउँछ सदा मुक्ति स्वयं मिल्दछ ॥१३॥

जस्ले शास्त्र विधान बर्जित बनी गर्ला सदा कामना
त्यस्को सिद्धि परत्र हुन्न सुखको हुन्नन् कुनै साधना
कर्माकर्म विचार साधक बनी कर्तव्यमा आदर
गर्दै शास्त्र-प्रमाण सिद्धविधिले सत्कर्म आफ्नो गर ॥१४॥

दैवासुर दुवै सम्पद्-विभाग सब सिद्धियो
श्रद्धात्रय-समायुक्त त्यो योग अब थालियो ॥१५॥

✸

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्रौं अध्याय

सोधे अर्जुनले यसै समयमा श्रीद्वारका नाथमा
पूज्ला शास्त्र-विधान त्यागि भगवान् सद्भक्तिका साथमा
त्यो निष्ठा कुन हुन्छ ? सत्त्व, रज वा होला अझै तामस
आज्ञाहोस् अब भक्तका उपरमा के बन्छ त्यो आपस ॥१॥

श्रद्धा तीन प्रकारका बुझ तिमी आज्ञा भयो कृष्णले
ती हुन् सत्त्व, रजो-तमो गुण सबै उब्जन्छ त्यै भावले
पूज्छन् सात्त्विक देवता गण सबै ती यज्ञले राजसी
त्यस्तै भूत र प्रेत आदिहरुले पूज्छन् उता तामसी ॥२॥

यीभन्दा अरु आसुरी प्रकृतिका हुन्छन् अहंकारमा
गर्छन् उग्र अशास्त्रको तप धरी आडम्वरी स्वार्थमा
अन्तर्यामि मलाइ नै पिरि सदा तानेर दुष्कर्ममा
लाग्छन् ती सब आसुरी गुण लिँदै उद्दण्डता साथमा ॥३॥

छन् आहार प्रकार तीन उनमा श्रद्धा समानै यहाँ
त्यस्तै दान र यज्ञ साथ तप यी जान्छन् पछाडी त्यहाँ
जो छन् सत्त्व र आयु वृध्दि गरिने खाना म भन्छू अब
चिल्ला मिष्ट रसादि-युक्त गुणका स्वादिष्ट राम्रा सब ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाँदैमा मन स्वच्छ पार्छ यसले उग्रन्छ सद्भावना
यो हो सात्त्विक वृत्तिको रसदिने गर्नू सदा सम्झना
कट्म्लादि रसादि राजसि कुरा ताता नुनीला जति
खाना यी सब राजसी गुण भए दुःखादि थप्छन् अति ॥५॥

बासी-त्यासि, गनाउने, अति चिसो, जूठो, बिना स्वादको
होलान् यी अपवित्र तामसि कुरा खाँदा त्यही भावको
हुन्छन् यज्ञ प्रकार तीन यसमा सादृश्य तीनै थरि
होला सात्त्विक यज्ञ, सत्त्व-गुणमै कर्तव्य आफ्नो गरी ॥६॥

त्यस्तै यज्ञ भनिन्छ राजसि हुने इच्छा लिँदै स्वार्थको
श्रद्धा-मन्त्र-विहीन यज्ञ घटिया हो तामसी खालको
त्यस्तै तीन प्रकारका तप हुनन् त्यो योगमा पर्दछ
ती हुन् कायिक, वाक्य, मानसिधरी जो देहिले गर्दछ ॥७॥

पूजा, पाठ, क्रिया र देव, गुरु ती पित्रादिमा भक्तिले
हिंसा-हीन र ब्रह्म-चर्य विधिमा त्यो सात्त्विकी वृत्तिले
संझौं यी सब देहका तप भए गर्ला स्वयं देहिले
सच्चा वाणि मिठास बोलि, तप हो जानौं, बुझौं कर्मले ॥८॥

ज्यादै शान्त तथा प्रसन्न रहला गर्दैन त्यो संग्रह
मौनी मानसको मनस्तप भयो गर्ला मनो-निग्रह
निष्कामी फल चाहना न रहँदा श्रद्धा तिनै माफिक
यी पूर्वोक्त तपस्वि तीन थरिका मानिन्छ हुन् सात्त्विक ॥९॥

त्यो सत्कार र मान खातिर हुने आडम्बरी चालको
त्यो सारा तप राजसी हुन गयो छोटो र तत्कालको
अर्कामा दिइ कष्ट, मूढ-हटले गर्ने तपस्या सब
पीडादायक, तामसी, तप भयो बुझ्नै पर्‍यो वास्तव ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तै तीन प्रकारका बुझ तिमी, छन् भिन्नता दानमा
जो दातव्य छ देश, पात्र हितमा अर्पिन्छ निःस्वार्थमा
जो हो प्रत्युपकारमा नलिइने त्यो सात्त्विकी मानियो
इच्छा त्यो फलको प्रयोजन भए त्यो राजसी ठानियो ॥११॥

श्रद्धाहीन, अयोग्य पात्र अथवा जो भ्रष्ट आचारमा
भक्षाभक्ष विचार केहि नलिने लोभी तथा नीचमा
त्यस्तालाई दिइन्छ दान बुझ त्यो होला सबै तामसी
सारादान महात्म्य यो भनिदिएँ तिम्रै अगाडी बसी ॥१२॥

बाबू ! अर्जुन भन्छु, तत्त्व सबको हो ब्रह्म निर्देशन
ओं, तत्, सत्, यहि तीन शब्द भरिमा यो विश्व संस्थापना
वेद, ब्राह्मण, यज्ञ आदि रचना संसारमा देखियो
यस्ले नै अनगिन्ति सृष्टि फिँजियो भन्ने कुरा भेटियो ॥१३॥

यो ओंकारसँगै क्रियाहरु यहाँ छन् दान, यज्ञादिको
यी चल्छन् विधिबाट नै नियममा निर्दिष्ट शास्त्रादिको
'तत्'को शब्द परार्थमा छ सब त्यो छैनन् फलेच्छा पनि
मोक्षार्थीहरुले अनेक थरिका दानादि गर्छन् अनि ॥१४॥

त्यो अस्तित्व भलाइमा लिइ यहाँ 'सत्'शब्द यो राखियो
राम्रो काम र कर्ममा छ बढिया स्थायित्व 'सत्'मा भयो
त्यस्का निम्ति गरिन्छ कर्म सब ती 'सत्'मा मिलेरै गयो
सारा दान र यज्ञ साथ तपको 'सत्'मा सबै धानियो ॥१५॥

श्रद्धाहीन गरिन्छ जो हवन त्यो त्यस्तै भए दानको
त्यस्को हुन्न कदापि कर्म महिमा, त्यस्मा 'असत्' कर्मको
यी सारा जति तत्त्व हुन् बुझ तिमी संझी अनकौं थर
श्रद्धा भक्ति र शास्त्रको नियमले सत्कर्म राम्रो गर ॥१६॥

श्रद्धात्रय लिई योग सुने अर्जुनले सब
मोक्ष-संन्यासको योग थालिन्छ कृष्णले अब ॥१७॥

✱

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अठारौं अध्याय

त्यो सन्यास र मोक्ष-योग महिमा जानौं प्रभो ! भक्तले
भन्छन् अर्जुन पाउमा परि यहाँ त्यै भन्नुभो कृष्णले
भन्लान् पण्डित काम्य-कर्महरुको त्यागिन्छ संन्यासमा
त्यस्तै विज्ञ भनाइमा फल सबै त्यागिन्छ त्यै योगमा ॥१॥

भन्छन् त्याज्य छ कर्म कोहि जन ती भन्छन् कुनै ग्राहच छ
सारा कर्म र दान यज्ञहरुको गर्नू सदा योग्य छ
मेरो राय छ सत्त्व आदि यसमा छन् त्याग तीनैथरि
त्यस्ता कर्म कदापि त्याज्य नगरुन् यज्ञादि गर्दै गरी ॥२॥

कर्मैबाट गरिन्छ शुद्ध मन यो कर्तव्यमा आउँछ
त्यो आसक्ति र वासना पनि नहोस् सद्भावना पाउँछ
आफ्ना नित्य क्रिया रहन्छ दिनहूँ मानिन्न त्यो त्याज्य हो
मोहैबाट गरिन्छ त्याग यदि त्यो, त्यो तामसी त्याग हो ॥३॥

ज्यादै दुःख, बुझेर कर्म डरले गर्दैन त्यो कर्म नै
त्यो हो राजसि त्याग हुन्न फल त्यो, त्यो त्याग हो व्यर्थ नै
गर्दा योग्य छ कर्म नित्य उसले निष्कामना साथमा
उस्को त्यो फल त्याग सात्त्विक भयो मानिन्छ त्यो योग्यमा ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ला द्वेष न ता कुनै अशुभमा यो हो खराबी भनी
त्यस्तै नै न त ठान्छ कर्म शुभ हो आसक्त त्यस्तै बनी
धीमान् त्यागिरहन्छ सत्त्व तहमा त्यै योगि हो लोकमा
देहीबाट अशक्य हुन्छ बुझ यो, त्यो कर्मको त्यागमा ॥५॥

त्यागीमा फल त्यागि नै बुझ तिमी, त्यो कर्मको त्याज्यता
कर्मै त्याग्न अवश्य हुन्न गतिलो होस् कर्ममा मान्यता
इष्टानिष्ट र मिश्र तीनथरिका आशा फलेच्छा भयो
यी कर्मै फल वासना सब भए सन्यासिमा हुन्न यो ॥६॥

पाँचै हेतु छ कर्म सिद्धि हुनमा त्यो सांख्य सिद्धान्तको
सारा भेद म भन्छु पाँच सब ती सिद्धान्त जो पाँचको
आधिष्ठान र भिन्न साधन तथा चेष्टा र कर्ता धरी
पाँचौ दैव भनिन्छ कारण यहाँ चल्छन् भनेझैं गरी ॥७॥

न्याया-न्याय समस्त कर्महरु ती वाणी मनोदेहले
गर्छन् मानवले र हेतु यिनि हुन् चल्छन् यिनै पाँचले
योग्या-योग्य गरोस् तथापि उसले शुद्धात्म देख्ला पर
त्यो देख्दैन मलीन बुद्धि छ भने देख्ला अँध्यारै तर ॥८॥

कर्मासक्त हुँदैन बुद्धि जसको त्याग्ला अहंकार त्यो
मारोस् लोक न मार्छ, मर्छ यसमा कर्ता न ता बन्छ त्यो
त्यस्को हुन्न कदापि बन्धन धरी नियुक्त बन्ला सदा
त्यो निर्लेप, पवित्र, शुद्ध मनको हेर्दा सदा-सर्वदा ॥९॥

ज्ञाता, ज्ञेय र ज्ञान तीन थरिका हुन् कर्मका प्रेरक
त्यस्तै छन् अनि कर्म संग्रह धरी उस्तै हुनन् साधक
कर्ता, कर्म, क्रिया तथा करण ती हुन्छन् तिनै नामले
ज्यौंका त्यौं म बताउँछू सुन तिमी, जे भन्छ त्यो साँख्यले ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकै तत्त्व रहन्छ प्राणि सबमा भिन्नै भए तापनि
यस्को यो समभाव सात्त्विक भयो यै ज्ञान जान्नू अनि
सारा भूत समस्त प्राणी सबमा जो भिन्नता देख्दछ
यो भिन्नत्व स्वभाव राजसि भयो त्यै ज्ञानमा प्रष्ट छ ॥११॥

जो तत्त्वार्थ बिना लिडेढिपि गरी यो देह नै एक हो
ठान्ला त्यो हत-बुद्धि तामस भयो, त्यै ज्ञान, त्यै नाम हो
कर्मैमा पनि तीन छन् वुझ तिमी भावार्थको भेदले
त्यो सारा पनि भन्छु संझ मनमा त्रैगुण्यको भावले ॥१२॥

त्यो आसक्ति र राग, द्वेष नलिई छाडी फलेच्छातक
जो कर्तव्य बुझेर मात्र गरिने हो कर्म त्यो सात्त्विक
आशा त्यो फलको अनेकन लिई गर्ला अहंकारले
जान्नू राजसि कर्म त्यो हुन गयो, जो गर्छ त्यो कष्टले ॥१३॥

हिंसा, हानि, भविष्य केहि नबुझी गर्छन् बडो मोहले
भन्छन् तामस कर्म त्यो बुझ तिमी त्यो हुन्छ अज्ञानले
कर्ता तीन प्रकारका अब बुझौं छाडी अहं भावना
विघ्नैमा पनि सिद्धिमा सम हुने हुन् सात्त्विकी चाहना ॥१४॥

कर्ता जो छ फलेच्छु लोभि मनको त्यो हर्ष वा शोकले
गर्ला कर्म समस्त राजसि भयो त्यो बन्छ त्यै कामले
जुम्सो चञ्चलता घमण्डि ठगुवा त्यस्तै हुनन् आलस
घाती दिक्क स्वभाव बन्छ जसको कर्ता हुनन् तामस ॥१५॥

त्यस्तै बुद्धि रहन्छ तीनथरि त्यो गर्छन् सदा धारण
व्याख्या गर्छु गढेर संझ मनमा जो छन् सबै कारण
कार्याकार्य, भयाभयादि धृतिले सोच्ला सदा योगमा
त्यो हो सात्त्विक बुद्धि इन्द्रिय सबै खिच्ला बसी ध्यानमा ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो प्रासंगिकमा फलेच्छु हुन गै कामार्थको साधन
मान्ला त्यो धृति राजसी हुन गयो यो संझ हे अर्जुन !
होला मूर्ख विषाद, शोक, मदमा होलान् अनेकौं भय
त्यो हो तामसि बुद्धिबीच तहको मानिन्छ त्यो निश्चय ॥१७॥

'छन् तीनै थरि संझ फेरि सुखमा छन् देखिँदा दुःख झैं
बन्छन् ती विषझैं अगाडि, पछि ती बन्छन् सुधापानझैं
त्यो नै सात्त्विक वृत्तिको सुख भयो धानिन्छ त्यो सत्त्वमा
मानिन्छन् विषयानुरागि जति छन् त्यो राजसी सौखमा ॥१८॥

निद्राऽलस्य र भूल क्रोधहरुले बेहोशको भावना
निस्केला बुझ तामसी सुख भयो फैलन्छ दुर्वासना
पृथ्वी, स्वर्ग र देवताहरु धरी त्रैगुण्यमा पर्दछन्
ती सारा त्रिगुणात्मिका सब क्रिया माया सरी ढाक्दछन् ॥१९॥

होलान् ब्राह्मण, क्षेत्रि, वैश्य अनि ती शूद्रादि त्रैगुण्यमा
चारै जात स्वभावमा फरक छन् मैं भन्छु त्यो शास्त्रमा
बस्छन् ब्राह्मण इन्द्रियादिहरु ती खैंचेर अध्यात्ममा
होला शान्ति, क्षमा, दया, सरलता देखिन्छ जो सत्त्वमा ॥२०॥

होलान् क्षेत्रि जुधारु वीर उनमा होला सुरक्षा-धन
स्वामी-भाव रहन्छ खास उनमा गर्लान् सदा शासन
त्यस्तै वैश्य हुनन् किसानि अथवा व्यापार गर्छन् अनि
सेवा भाव रहन्छ शूद्रहरुमा हुन्छन् हलुङ्गा पनि ॥२१॥

सारा भूत समस्त सृष्टि जति छन् गर्छन् उनै ईश्वर
होला सिद्धि स्वभाव-जन्य गुणले गर्दा सदा आदर
आफ्नै धर्म छ श्रेष्ठ छाड्नु अरुको राम्रै भए तापनि
निन्दा हुन्न स्वधर्मबाट कहिले हो पापभागी भनी ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोषै होस् तर कर्म त्याग नगरून् कल्याण होला गरी
संझौं अग्नि समान कर्महरु ती छन् दोष धूमै सरी
हो नैष्कर्म्य विशुद्ध बन्दछ भने श्रीसांख्यको योगमा
जो निष्ठा परमात्म-तत्त्व छ सबै मैं भन्छु सारांशमा ॥२३॥

बाबू ! अर्जुन बुद्धि निश्चल बनोस् एकान्त शुद्धासन
वाणी शब्द विशेष त्यो विषयमा त्यागेर धानोस् मन
स्वल्पाहार गरेर स्वच्छ मनले वाक्काय आत्मार्पण
होला सात्विक भावना हृदयमा वैराग्यका कारण ॥२४॥

काम, क्रोध, घमण्ड निग्रह गरी शान्तात्म ज्ञानी जन
एकीभाव बुझेर गर्छ दिनहूँ ब्रह्मत्वको चिन्तन
होला शोक र मोहबाट अलगै इच्छा न त्यो गर्दछ
सारामा सम-भाव देख्छ उसले मैंमा स्वयं आउँछ ॥२५॥

काखा लिन्छु म भक्तलाई खुसि भै उस्ले मनै देख्दछ
उस्को हुन्छु म नै म बस्छु उसमा सद्भक्तिले घेर्दछ
जो मेरै बनि ती परायण हुनन् निष्कामना साथमा
सारा कर्म ममा विलीन रहला मेरै कृपा पात्रमा ॥२६॥

मैंमा चित्त दिएर कर्म सब ती मेरै बनाईकन
बाबू ! अर्जुन बुद्धि-योगसित नै मच्चित्तवाला बन
तिम्रो संकट नाश हुन्छ म भए तर्छौ लिंदा आश्रय
भास्सिन्छौ मबिना सदुक्ति नलिए होला पछाडी भय ॥२७॥

छोड्छौ युध्द अहंपना लिइ तिमी भागेर जान्छौ जहाँ
तिम्रो घाँटि समाउला प्रकृतिले क्षेत्रित्व भाग्ला कहाँ ?
यो स्वाभाविक कर्म हो बुझ तिमी बाँधिन्छ त्यै कर्मले
गर्दैनौ यदि मोहले सहजमा गर्छौ पछी बाध्यले ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तर्यामि बनेर ईश्वर यहाँ यो देहमा बस्तछ
माया कर्म-स्वरूप यन्त्रसरि भै संसार यो चल्दछ
बाबू ! भारत जाउ लौ शरणमा त्यस्ता परात्मासित
यस्ले हुन्छ अनन्त शान्ति मनमा होला अवश्यै हित ॥२९॥

ज्यादै गोप्य रहस्य ज्ञान जति हुन् सारा बताएँ अब
जे गर्छौ गर भन्नु छैन अब ता इच्छा छ तिम्रो सब
यस्तो ज्ञान रहस्यको सब कुरा जानेर ती अर्जुन
केही मौन रहे यसै समयमा यो थप्नुभो दर्शन ॥३०॥

मैंमा नै मन चित्त यज्ञ गर ती मैंमा नमस्कारले
मिल्छौ मैंसित त्यो सबै भनिसकें सत्प्रेमको भावले
मेरै आउ तिमी सदा शरणमा निश्चिन्त भै साथमा
छाडी धर्म सबै अनन्य म बुझी मेरै सदा ध्यानमा ॥३१॥

लाग्दा श्रेय छ पापबाट सजिलै उन्मुक्त गर्छु सब
हुन्छौ मुक्त न मान फिक्र मनमा चिन्ता नलेऊ अब
बाबू ! अर्जुन मित्र संझि बुझ यो सन्देश राम्रो दिएँ
तिम्रै खातिरमा समस्त हितको सम्वाद गर्दै थिएँ ॥३२॥

यो सम्वाद नभन्नु दुस्तप तथा मेरा अभक्तादिमा
जो छन् भक्त सुनून् प्रसन्न मनले मेरो समाधिस्थमा
गीता-शास्त्र रहस्य जो जति सबै मेरा सबै भक्तमा
भन्ला भन्न रुचाउला बुझ तिमी निष्कामना साथमा ॥३३॥

निःसंदेह उ मिल्छ मैंसित सदा दोश्रो कुरा हुन्न यो
त्योभन्दा अरु प्रेमि हुन्न बुझ यो सद्भक्त मेरो भयो
यस्तो धार्मिक तत्त्वबाट अहिले संवाद हाम्रो छ यो
पढ्ला जो अति भक्तिसाथ जसले गीता महाख्यान यो ॥३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्ले पूजित मैं भएँ खुसि भएँ मेरो छ यो सम्मति
त्यस्ले पाउँछ पुण्य-लोक सहजै धेरै बताऊँ कति
श्रद्धा-युक्त र दोषदृष्टि नलिई गीता सदा सुन्दछ
सारा पाप समाप्त हुन्छ उसको सत्कर्ममा आउँछ ॥३५॥

त्यस्ले त्यो शुभलोक पाउँछ सदा यो हो कुरा अर्जुन !
तिम्रो मोह गयो ? गएन ? अथवा साँचो तिमी नै भन
भन्छन् अर्जुन नम्रता लिइ यहाँ श्रीकृष्णका साथमा
सारा मोह गयो ममा स्मृति भयो त्यो छैन शंका ममा ॥३६॥

आज्ञा पालन गर्न तत्पर भएँ जो भन्नुहोला सब
निस्संदेह उठें कृपा हजुरको बन्छू तयारी अब
उठ्छन् अर्जुन मोह छाडि अब ता लिन्छन् धनुर्वाण त्यो
जाग्यो यो उपदेशबाट उनको वीरत्वको भाव त्यो ॥३६॥

✸

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता उपसंहार :-

राजा श्रीधृतराष्ट्रमा सब कुरा भन्छन् उता संजय
श्रीकृष्णार्जुनमा भए जति कुरा जे जे भएथ्यो तय
राजन् ! जो जति छन् रहस्यमय ती रोमाञ्चकारी सब
जो सम्वाद थियो भनैं हजुरमा जो जे थियो वास्तव ॥३८॥

देखैं व्यास-कृपा हुँदा नजरले टाढा भए तापनि
व्याख्या गर्न सकें प्रभो ! हजुरमा यस्तो भएथ्यो भनो
संझी संझि रहस्य अद्भूत कुरा कल्याणकारी बनी
झल्कन्छन् मनभित्र हर्षित भएँ, धन्यै भएँ मैं पनि ॥३९॥

संझन्छू घटना स्वरूप प्रभुको जो छन् त्यहाँ प्रस्तुत
मेरो चित्त विभोर गद्गद भयो आश्चर्यले हर्षित
श्रीयोगेश्वर कृष्ण-अर्जुन दुबै संझौ जता बस्नुभो
श्री सर्वश्व उतै गयो विजयको सच्चा कुरा बुझ्नुभो ! ॥४०॥

मेरो यो मत हो भनैं हजुरमा जे जे थियो वर्णन
राजन् ! यो घटना सदाशय लिई मैंले गरैं अर्पण
त्यो युद्धस्थलको सचित्रसरि नै व्याख्यान गर्दा सब
थाकें मैं पनि बस्छु फुर्सद लिँदै आज्ञा हवस् लौ अब ॥४१॥

संवाद सकियो हाम्रा उता अर्जुन-कृष्णको
त्यस्तै संजयको वार्ता टुङ्गियो धृतराष्ट्रको ॥४२॥

अध्यात्म-ज्ञानले हाम्रो बनोस् सुन्दर-भावना
गीता-मञ्जरि यो लेखें, चढाएँ शुभ-कामना ॥४३॥

✱

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नाम	:	नारायणदत्त शास्त्री
पिता	:	रामचन्द्र आचार्य
माता	:	रितुमाया आचार्य
जन्ममिति	:	वि.सं. १९८९, रामनवमी
जन्मस्थान	:	चुँदीरम्घा, तनहूँ
शैक्षिक योग्यता	:	साहित्य शास्त्री
सेवा अनुभव	:	पच्चीस वर्ष, श्री ५ को सरकारको निजामती सेवामा

प्रकाशित कृतिहरू

संघर्ष जीवन	कविता	(२०१४)
आमाको आँसु	कविता	(२०१५)
गोरखनाथ स्तुति	कविता	(२०१५)
महाभारत पञ्चामृत	नाटक	(२०१५)
साहित्यको ऐना	लक्षणग्रन्थ	(२०१६)
नारी हत्या	नाटक	(२०१६)
भानुको संझना	कविता	(२०१७)
आमा	नाटक	(२०१७)
बैनीको कोसेली	कविता	(२०१८)
गोरखाको गोरेटो	कविता	(२०२०)
राम वनवास	गीति नाटक	(२०२१)
योगमाता	नाटक	(२०५६)
पागल	नाटक	(२०५६)
श्रीमद्भागवत सारांश	कविता	(२०५७)
कृषि डायरी	कविता	(२०५९)

Jayatu Sanskritam, Kathmandu, Nepal